# महेन्द्रमाला

कक्षा– १

**यो पुस्तक सकेसम्म नकिन्नु होला ।**

यो पुस्तक आफ्नो जिल्लाको कार्यालय शिक्षा शाखाबाट निःशुल्क उपलब्ध हुनेछ । यदि सो पुस्तक हराएमा वा च्यातिएमा वा अन्य कारणले चाहिएमा मात्र यो पुस्तक किन्नु होला ।

मूल्य रू. ९।१०

लेखक– श्री विश्वम्भर घिमिरे

# महेन्द्र माला

## कक्षा १

(भाषा र सामाजिक शिक्षा एकीकृत पाठ्यपुस्तक)

लेखक
विश्वम्भर घिमिरे

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

एकीकृत पाठ्यक्रम अनुसार पहिलो संस्करण, २०४१
संशोधित दोस्रो संस्करण, २०४२
तेस्रो संस्करण २०४३

यो पुस्तक बिक्रीका लागि होइन। श्री ५ को सरकार, युनिसेफ र नोराडको संयुक्त आयोजना अन्तर्गत निःशुल्क वितरण गरिएको हो। कृपया पुस्तकको राम्रो जतन गर्नुहोला। यो पुस्तक पछि विद्यालयमा फर्काउनुपर्नेछ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित।

Paruj Acharya.



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

# हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट एवं स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयका पाठ्यक्रम पाठ्यपुस्तकको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

साक्षरताका लागि आधारभूत ज्ञान र सीप हासिल गराउने, देश, नरेश तथा ईश्वरप्रति श्रद्धाभक्तिको भावना जागृत गराउने र अनुशासन तथा चारित्रिक गुणको विकास गराउने प्राथमिक शिक्षाको उद्देश्य अनुरूप यो पुस्तक तयार गराई प्रकाशमा ल्याइएको छ ।

नेपाली भाषा र सामाजिक शिक्षाका विषयबस्तुहरूलाई एकीकृत रूपमा समावेश गरी श्री विश्वम्भर घिमिरेले लेख्नु भएको पाठ्यपुस्तक २०४१ को शैक्षिक सत्रमा परीक्षण गराई त्यसबाट प्राप्त सुझावहरूको आधारमा सम्बन्धित विषयका विद्वत्वर्ग डा. वासुदेव त्रिपाठी, प्रा. शिवगोपाल रिसाल, श्री मोहनराज शर्मा, श्री कृष्णप्रसाद पराजुली, डा. बलराम श्रेष्ठ, श्री रामकुमार पाँडे समेतको संयुक्त सहयोगबाट संशोधन र सुधार गराई महेन्द्र माला कक्षा १ को पाठ्यपुस्तक यस रूपमा तयार गरिएको छ ।

यस पुस्तकलाई सकेसम्म स्तरयुक्त एवं उपयोगी बनाउने प्रयास गरिएको छ तापनि यसको निरन्तर सुधारका लागि शिक्षक, अभिभावक तथा समस्त बुद्धिजीवीहरूबाट प्राप्त हुने रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

प्रस्तुत पाठ्यपुस्तकको निर्माणमा निम्न लिखित समिति तथा उपसमितिका सम्पूर्ण अध्यक्ष, सदस्य र आमन्त्रित सदस्य महानुभावहरूद्वारा प्रदत्त महत्त्वपूर्ण सहयोग र सुझावका लागि यो केन्द्र हार्दिक आभार प्रकट गर्दछ ।

**सुपरिवेक्षण समिति**

डा. सुरेशराज शर्मा, अध्यक्ष
श्री नारायणप्रसाद राजभण्डारी
श्री रणबहादुर थापा
डा. केदारनाथ श्रेष्ठ
श्री विश्वनाथ अधिकारी
श्री विश्वनाथ अर्याल

**सामाजिक शिक्षा समिति**

डा. केदारनाथ श्रेष्ठ, अध्यक्ष
श्री ईश्वरराज अर्याल
डा. बलराम श्रेष्ठ
श्री रामकुमार पाँडे
श्री विश्वनाथ अर्याल
श्री शिवबहादुर राजभण्डारी
श्री विश्वम्भर घिमिरे

**नेपाली भाषा विषय उपसमिति**

डा. वासुदेव त्रिपाठी, अध्यक्ष
प्रा. शिवगोपाल रिसाल
श्री मोहनराज शर्मा
श्री कृष्णप्रसाद पराजुली
श्री रामेश्वर शर्मा चालिसे
श्रीमती गंगा कार्की
श्रीमती अरुणलक्ष्मी जोशी
श्री सागरनाथ उप्रेती

श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र

# प्रस्तुत पुस्तकका सन्दर्भमा

आज संसारमा ज्ञान र विज्ञानका कुराहरू धेरै शाखा र प्रशाखाहरूमा बाँडिए तापनि प्राथमिक स्तरका बाल-बालिकाहरूका लागि यी ज्ञान र विज्ञानका कुराहरूलाई छुट्टाछुट्टै विषयको रूपमा ग्रहण गराउनु कतिसम्म उपयुक्त होला, सोचनीय कुरा हुन आएको छ। यसै परिप्रेक्ष्यमा पाठ्यपुस्तकहरूलाई अझ बढी स्तरीय, वैज्ञानिक र आकर्षित बनाउने क्रममा भाषा ज्ञान र सामाजिक शिक्षाका विषयहरूलाई सामावेश गरी कक्षा १ का बाल-बालिकाहरूका लागि एकीकृत रूपमा यो पाठ्यपुस्तक तयार गरिएको छ। यस पाठ्यपुस्तकबाट छात्र-छात्राहरूले भाषा सीपको मात्र विकास गर्ने होइनन् कि हाम्रो सामाजिक जीवन अन्तर्गत पर्ने आउने आधारभूत कुराहरूका साथै ईश्वरभक्ति, पितृभक्ति, देशभक्ति र राजभक्तिजस्ता महत्त्वपूर्ण कुराहरू बुझी हाम्रा आदर्श तथा नैतिक मूल्य र मान्यताहरूलाई समेत उनीहरूले आफ्नो कलिलो उमेरदेखि नै हृदयमा छाप पार्न सकून् भन्ने यस पुस्तकको उद्देश्य हो।

पाठ्यपुस्तक स्वयं साध्य नभई यो एक साधन मात्र हो। यस साधनलाई परिपालन गर्ने समस्त शिक्षक महानुभावहरूले आफ्नो अनुभव र ज्ञानको आधारमा बाल-बालिकाहरूलाई केवल घोकाएर कण्ठ पार्न लगाउनुको बदला यसको मर्मलाई बुझी विस्तृत सोचाइद्वारा पाठ्यपुस्तक भित्र नै ठाउँ-ठाउँमा दिइएका सल्लाह अनुसार अध्यापन र क्रियाकलाप गराउनु-हुन र आफ्नै तर्फबाट पनि बाल-बालिकाहरूलाई बढी भन्दा बढी सीप र ज्ञान दिलाउनेतर्फ व्यावहारिक तथा सिर्जनात्मक उपायहरू अवलम्बन गर्नु हुनेनै छ।

हाल यस पुस्तकको नाम महेन्द्र माला राखिएको छ। साविक यसै कक्षाको महेन्द्र माला र सामाजिक शिक्षाको पाठ्यपुस्तकमा भन्दा यसमा प्रस्तुतीकरण र विषयवस्तुको छनोटको आधारलाई बढी जोड दिइएको छ र कुनै आवश्यक वा रोचक तथा जनजिब्रोमा भिजिसकेका साविक पाठ्यपुस्तकका केही पाठ वा अंशलाई पनि यसमा समावेश गरिएको छ। पाठ्यविषय-हरूलाई केही विस्तृत रूपमा दिइएको, अभ्यासमा बढी जोड दिइएको र चित्रहरूको प्राचूर्यताले गर्दा पुस्तक साविकभन्दा मोटो हुन जानु स्वाभाविकै हो। यसको पूर्ण तथा समुचित उपयोगले यस कक्षाका बाल-बालिकाहरूको ज्ञानको र सीप स्तरमा निश्चय नै अभिवृद्धि हुने आशा गरिएको छ।

यो पुस्तक तयार पार्न शुरूमा मी. सु. श्री नारायणप्रसाद श्रेष्ठबाट प्राप्त अविस्मरणीय सल्लाह, सुझाव र हौसलाको लागिसमेत हार्दिक कृतज्ञता ज्ञापन गर्दै हाल यस पुस्तकलाई आवश्यक संशोधन र सुधार गर्न मद्दत गर्नु हुने सबै महानुभावलाई पनि धन्यवाद दिन चाहन्छु।

अन्तमा देशभित्र र बाहिरका समस्त बुद्धिजीवी अभिभावक तथा शिक्षाप्रेमीहरूको समेत प्रस्तुत यस पुस्तकबारेका सल्लाह र सुझावहरूलाई स्वागत गर्दै अहिलेलाई यत्ति नै।

**लेखक**

# विषयसूची


राष्ट्रिय गान (चित्र) १

खण्ड – १

पाठ–१. स्वरवर्ण २
पाठ–२. व्यञ्जनवर्ण १०
पाठ–३. स्वर र मात्रा ३०

खण्ड – २

पाठ–१. खुट्टा काटेका र नकाटेका अक्षर ५२
पाठ–२. संयुक्त अक्षर ५३

खण्ड – ३

पाठ–१. पद र वाक्य-ढाँचा ६३

खण्ड – ४

पाठ– १. गणेशको प्रार्थना ८७
पाठ– २. ताराबाजी लै लै ९०
पाठ– ३. घर ९२
पाठ– ४. कुखुरी काँ ९८
पाठ– ५. मने हाम्रो साथी १००
पाठ– ६. ढुकुर र कमिलो १०२
पाठ– ७. म्याउँ-म्याउँ १०६
पाठ– ८. हाम्रो परिवार ११०
पाठ– ९. कति राम्री पुतली ११४

पाठ–१०. काउकाउ ११७
पाठ–११. हाम्रो चाड १२१
पाठ–१२. पुण्डरीक १२५
पाठ–१३. साथी-साथीको प्रेम १३०
पाठ–१४. राम्रो बानी १३६
पाठ–१५. कामको महत्त्व १३९
पाठ–१६. हाम्रा छरछिमेकी १४४
पाठ–१७. हाम्रो विद्यालय १४७
पाठ–१८. नेपालका राजारानी १५०

# राष्ट्रिय गान

| | | |
|---|---|---|
| अ | अक्षर पढ | |
| आ | आमालाई ढोग | |
| इ | इनार सफा राख | |
| ई | ईशलाई मान | |

अ आ

लेखने अभ्यास



इ ई

| | | |
|---|---|---|
| उ | उखु खाऊ | |
| ऊ | ऊन कात | |
| ऋ | ऋषिलाई मान | |
| ए | एकतारे बजाऊ | |
| ऐ | ऐना हेर | |

उ ऊ ऋ



ए ऐ

| | | |
|---|---|---|
| ओ | ओखलमा कुट | |
| औ | औषधि खाऊ | |
| अं | अं चिन | |
| अः | अः पढ | |

ओ औ




अं अः

स्वरवर्ण

अ आ इ ई उ ऊ ऋ

ए ऐ ओ औ अं अः

अभ्यास

चिन र भन

आ ऐ उ ऋ ओ अं ई

अः ए औ अ इ ऊ

चिन र लेख

ओ ए अः इ आ ऊ औ

अं ई ऐ अ ऋ उ

**शिक्षकलाई सल्लाह**

स्वरवर्ण सिकाउँदा विद्यार्थीलाई प्रत्येक स्वरवर्ण उच्चारण गर्ने, चिन्ने र लेख्ने अभ्यास सँगसँगै गराउनुपर्छ । स्वरवर्ण लेख्न सिकाउँदा लेख्ने अभ्यासमा दिइएको लेखनक्रम अनुसार लेख्ने अभ्यास गराउनुपर्छ, साथै स्वरवर्ण चिन्ने, भन्ने र लेख्ने थप अभ्यास पनि गराउनुपर्छ ।

पाठ २

**व्यञ्जनवर्ण**

| | | |
|---|---|---|
| क | कलम समात | |
| ख | खरायो पाल | |
| ग | गणेशलाई ढोग | |
| घ | घडी हेर | |
| ङ | ङ लेख | |

क ख ग

लेख्ने अभ्यास

घ ङ

च चरो उडाऊ

छ छहारीमा बस

ज जरायो चिन

झ झरना हेर

ञ पढ

च छ ज



झ ञ

| | | |
|---|---|---|
| ट | टप लगाऊ | |
| ठ | ठडेउरो बाल | |
| ड | डबल गन | |
| ढ | ढक राख | |
| ण | ण लेख | |

ट ठ ड

| | | |
|---|---|---|
| ट | ट ट ट | ट |
| ठ | ठ ठ ठ | ठ |
| ड | ड ड ड | ड |
| ढ | ढ ढ ढ | ढ |
| ण | ण ण ण ण | ण |

ढ ण

त तराजुमा जोख



थ थपडी बजाऊ

द दराज लगाऊ

ध धनु समात

न नङ काट

त थ द

ध न

| | | |
|---|---|---|
| प | परेवा डाक | |
| फ | फलफूल खाऊ | |
| ब | बसमा जाऊ | |
| भ | भकारी भर |  |
| म | मकै छोडाऊ | |

प फ ब

भ म

य यतीलाई चिन

र रथ तान

ल लहरा हेर

व वकिललाई चिन

य र



ल व

श शरीर सफा राख

ष षट्कोण बनाऊ



स सलाई किन

ह हवाईजहाज चढ

श ष



स ह

क्ष क्ष चिन

त्र त्र पढ

ज्ञ ज्ञ जान

**शिक्षकलाई सल्लाह**

व्यञ्जनवर्ण सिकाउँदा विद्यार्थीहरूलाई प्रत्येक व्यञ्जनवर्ण उच्चारण गर्ने, चिन्ने र लेख्ने अभ्यास सँगसँगै गराउनुपर्छ । व्यञ्जनवर्ण लेख्न सिकाउँदा लेख्ने अभ्यासमा दिइएको लेखनक्रम अनुसार लेख्ने अभ्यास गराउनुपर्छ । साथै सम्ला अक्षरले बनेका शब्दहरू विद्यार्थीहरूलाई थप अभ्यास गराउनुपर्छ ।

**क्ष त्र ज्ञ**

व्यञ्जनवर्णहरू

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | ञ |
| ट | ठ | ड | ढ | ण |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | |
| श | ष | स | ह | |
| क्ष | त्र | ज्ञ | | |

अभ्यास

चिन र भन

ग र ल म ह ठ श प ट ख

क च न ध ब त्र ङ छ ष य

झ फ क्ष ञ ड ज ज्ञ त थ स

ढ ण व भ द घ

चिन र लेख

ह म भ प ष त्र य थ ब

व ण न क्ष ज्ञ ड ङ क ख र

च श स झ फ घ ध द ज ठ

ट ढ छ ग त ल

लेख र भन

कल खट गल घर रङ चक छत जल जग कर
टक ठग डर ढक ढल कण तर थर दल

धन तल पर फल बल भर मन मल मग
यज्ञ रथ तल वन सर हर कक्ष नत्र जङ
चल पल झट थल लख हल बढ थप पढ
चढ खल रण टल ढप सब झल भव हज
बल यम छल तल भन

चिन र भन

कलश करङ कमल खबर चउर चटक जगर
बगर चलन मगर मकल मलम रहर लहर
सखर शहर सडक समय सलह सफल भवन
मखन मदत डबल खलल सरर पटक झपट
सफर कलल भमर नगर चपल शरम

हेर र पढ

कलकल खलखल जलथल लगलग खटपट
टलपल टपटप ढलपल तलतल थलथल
दलदल तनमन छनछन मलजल हलचल
सलसल सरसर घरघर फरफर

पढ र लेख

अलमल नगर ।
खलबल नगर ।
परपर नबस ।
वरवर सर ।
झटपट उठ ।
खरखर पढ ।

अब घर पस ।
थपथप बस ।
बकबक नगर ।
हतपत नगर ।
झटपट अब ।
छलफल गर ।

हडबड नगर ।
गडबड नगर ।
सब अब बढ ।
सब बस चढ ।
परपर सर ।
एकएक झर ।

पाठ ३

## स्वर र मात्रा

| स्वर | मात्रा | |
|---|---|---|
| अ | अकार | |
| आ | आकार = ा | कानदानी |
| इ | इकार (ह्रस्व)= ि | बाइमात्रा |
| ई | ईकार (दीर्घ) = ी | दाहिना |
| उ | उकार (ह्रस्व) = ु | तर्कुल्ले |

| | | |
|---|---|---|
| ऊ | ऊकार (दीर्घ) = ू | बर्धन्ने |
| ए | एकार = े | एकलख |
| ऐ | ऐकार = ै | दोलख |
| ओ | ओकार = ो | लखकानो |
| औ | औकार = ौ | दोलखकानो |

| | | |
|---|---|---|
| अं | अनुस्वार = ं | शिरबिन्दु |
| अः | विसर्ग = ः | दबासबिन्दु |

**शिक्षकलाई सल्लाह**

स्वतन्त्र रूपमा आउँदा स्वरवर्ण लेखिन्छ र व्यञ्जनसँग मिसिंदा मात्रा लेखिन्छ। उदाहरणका लागि 'आमा' शब्दमा 'आ' स्वरवर्ण स्वतन्त्र रूपमा आएको छ।

मात्रा लागेका व्यञ्जन

| | शब्द |
|---|---|
| क् + ा = का | काका |
| क् + ि = कि | किताब |
| क् + ी = की | कीलो |
| क् + ु = कु | कुकुर |
| क् + ू = कू | कूचो |
| क् + े = के | केरा |

| | |
|---|---|
| क् + ै = कै | कैलाश |
| क् + ो = को | कोट |
| क् + ौ = कौ | कौवा |
| क् + ं = कं | कंस |
| क् + : = कः | |

## स्वर र मात्रा

| | | | | |
|---|---|---|---|---|
| अ | आ = ा | इ = ि | ई = ी | उ = ु |
| ऊ = ू | ए = े | ऐ = ै | ओ = ो | औ = ौ |
| अं = ं | अँ = ँ | अः = ः | | |

## मात्राहरूको मेल

| | | |
|---|---|---|
| क् + ा = का | काग | |
| ख् + ा = खा | खाम |  |
| ग् + ि = गि | गिलास | |

| | | |
|---|---|---|
| क् + ो = को | कोला | |
| ख् + ु = खु | खुकुरी |  |
| फ् + ू = फू | फूल |  |
| क् + े = के | केरा |  |
| ण् + े = णे | गणेश | |

| | | |
|---|---|---|
| प् + ै = पै | पैसा | |
| क् + ै = कै | मकै | |
| घ् + ो = घो | घोडा |  |
| ल् + ौ = लौ | लौरो | |

| | | |
|---|---|---|
| च् + ौ = चौ | कचौरा | |
| ह् + ं = हं | हंस |  |
| ब् + ाँ = बाँ | बाँदर | |
| द् + ु + : = दुः | दुःख | |

चित्र हेर र अक्षर चिन

अटल

आलु

इनार

ईश



खराउ

उखु

ऋषि

१

एक

ऐना

ओदान

औजार



अंश

**शिक्षकलाई सल्लाह**

छात्र-छात्राहरूले मात्रा सहितका अक्षरहरू कत्तिको चिन्दछन् भन्ने जाँच्नको लागि शिक्षकले माथिका शब्दका अगाडि–पछाडि र बीचका अक्षर पनि अलग-अलग भन्न लगाई अभ्यास गराउनुपर्दछ ।

(अ)

कर घर रथ असल खबर भवन मदत कपाल पराल फलाम बजार बतास जनावर दरबार परदेश परिवार भटमास सहयोग

(आ ा)

काग काठ काम चाड चाल जाल झार नाच नाम पाठ पात पाप बाघ भाग भात मान रात लाज हात आमा आधा आशा काका गाढा टाढा टाला धारा पाखा पापा पाठा बाछा बाबा मामा माला राजा राता साना कथा सफा काफल चामल पालन सामान गमला फाइदा घरपाला पाठशाला ।

(इ ि)

चित्र दिन पिङ बिदा बिरुवा बिहान कति जति वरिपरि ।

(ई ी)

कीरा गीत जीउ टीका नीला पीर शीतल गाई जाई नानी पाठी पानी पापी बाढी बानी बारी बासी साथी सानी आली काकी गाजली चटकी पातली भवानी बाहिरी सिकारी सापटी सवाई सयपत्री ।

(उ ु र ऊ ू)

कुवा सुर गुरु जुई दुई लुगा कुकुर कुखुरा ढुकुर पुतली बुलाकी सुविधा खूब दूध धूप पूजा पूरा रूख रूप हुरी पूजन फूलपाती

(ए े र ऐ ै)

खेल देश देवी पेट भेट बेला बेली भेडा सेता सेवा देवता नेपाल बेलुकी हेरचाह केटाकेटी ऐना थैली पैसा मैना बैठक

(ओ ो र औ ौ)

कोठो गोडा डोली छोप फोको रोग
शोभा सोली ओढार फोहर आगो चरो
जाडो टालो बाटो माटो रातो सानो कुटो
कमिलो सजिलो कोदालो टाउको बिरालो
बाटोघाटो रमाइलो कौवा पौवा खोला लौरो

शब्द चिन, भन र लेख

असल अचार अमला अक्षर अक्षता अकल
अनार आदर आशिष आखिर आकार आराम
आकाश आरती आदत इनाम इमान इलम
इशारा इनार ईश उखान उषा उमेर उकालो
उधारो उपाय ऊन ऊँचो ऋण ऋतु ऋषि एक
एकलास एकनास एकलौटी एकसरो एकादशी
ऐना ऐश ऐजेरु ऐरावत ओठ ओत ओडार

ओझेल ओबानो ओखर औलो आधी औकात औजस औतार औसर अंश

अरू केही शब्दहरू

आज्ञा ऋषि औंला गुण दया माया रक्षा ज्ञान श्रीपेच गणेश मयूर सुरक्षा आँखा ईंट गाउँ गुँड घाँस घाँटी ठाउँ दशैं भैंसी हाँस सूँड घाँगर पँधेरो पहेली यात्रा हेला अँगालो संसार सिँदुर ।

पढ र लेख

(क) अमला आरती इनार इमान उपाय ऊन ऋतु एकादशी ऐया ओखर औलो अंश ।

(ख) कपडा कान किताब कीरा कुकुर कूचो केराउ कैलाश कोइली कौसी कंस ।

(ग) अमला खाऊ । आरती गर । इनार खन । इमान राख । उपाय सोच । ऊन किन । ऋतु गन । एकादशी मान । ऐरावत चढ । ओखर फोर । औलो फाल । अंश लगाऊ ।

## (घ) औंला गन । ईंट बनाऊ। भैंसी पाल । घाँस काट । घाँगर धोऊ ।

**शिक्षकलाई सल्लाह**

यो अभ्यास नमूनाको लागि मात्र दिइएको हो । शिक्षकले यस्तै किसिमले अरू मात्रा सहितका सरल शब्द तथा छोटा-छोटा वाक्यहरू भन्नेर लेख्ने पनि थप अभ्यास गराउनुपर्छ ।

साथै अनुनासिक (चन्द्रबिन्दु) र अनुस्वार (शिरबिन्दु) लागेका अक्षरहरू ठीकसँग उच्चारण गर्ने र लेख्ने अभ्यास पनि गराउनुपर्छ ।

चित्र हेर र अक्षर चिन

कछुवा

खरायो

गमला



बाघ

पिङ



चमेरो



छडी

जरायो

झारी

टहरो

ठेकी



डमरु

ढकना

बाण

तबला

थाम



दमकल

धरहरा

कान

परेवा

फलफूल

बचेरो



भकारी

महादेव



घर

लगाम

वानर

सलगम

षट्कोण

मानिस

हनुमान

**शिक्षकलाई सल्लाह**

छात्र–छात्राहरूले मात्रा सहितका सम्पूर्ण अक्षरहरू कत्तिको चिन्दछन् भन्ने जाँच्नको लागि शिक्षकले शब्दका अगाडि-पछाडि र बीचका मात्रा लागेका अक्षरहरू पनि अलग–अलग भन्न लगाई अभ्यास गराउनुपर्छ । यस क्रममा यस्तै अन्य शब्दहरूको पनि थप अभ्यास गराउनुपर्दछ ।

बान्हखरी

क का कि की कु कू के कै को कौ कं कः
ख खा खि खी खु खू खे खै खो खौ खं खः
ग गा गि गी गु गू गे गै गो गौ गं गः
घ घा घि घी घु घू घे घै घो घौ घं घः
ङ ङा ङि ङी ङु ङू ङे ङै ङो ङौ ङं ङः

अभ्यास

चिन, भन र लेख

काख काम कान काका कुकुर केश
कोल खाट खाऊ खीर खेत खोर
गाई गीत गुन गोठ घाम घिऊ

चाकु चील चुप चित्र चोक छाल
जाल जीत जेठ झार झिँगो

टाउको टोका टोप टोले टुँडिखेल ठाडो ठेकी
डाक डिको डिल डोको ढाका ढुकुर ढोग

तातो तीन तिल तूल तेल तोप थाल
थुक दाजु दिदी दुःख धनु धूप धोऊ
नाम निल नुन नेटो नैना नीता नाल

पाटी पापा पुल पेट फाल फूल फेद फोहर
बालक बुबु बेर भाकल भिनाजु भीर भूल
भेटी मामा माइजू मेट मोटो मौका मूला
मेला मैला

माया आयो गयौ रिबन रुमाल लहरा लौरो
वरिपरि टौवा

शीतल शोभा शिर विषालु सुरुवाल सिँगार
साँचो हिमाल कुटी हाँस पुरुष बुरुस हँसिया

रक्षा त्रिशूल त्रिवेणी क्षमा राक्षस यात्री शत्रु
ज्ञानी ज्ञान

**शिक्षकलाई सल्लाह**

बाह्रखरीको ज्ञान गराउन यसै गरी अरू वर्णहरूको पनि क्रमशः अभ्यास गराउनुपर्छ ।

## खुट्टा काटेका र नकाटेका अक्षर

तँ सुत् ।
तिमी सुत ।
राम ! सुत् ।
राम ! सुत ।

---

चरा गन् ।
चरा गन ।
कुरा भन् ।
कुरा भन ।

---

पाठ पढ् ।
पाठ पढ ।
पाठ लेख् ।
पाठ लेख ।

---

**शिक्षकलाई सल्लाह**

खुट्टा काटेको (हलन्त) र नकाटेको (अजन्त) अक्षरको उच्चारणमा हुने फरक छात्र–छात्राहरूलाई राम्ररी बुझाउनुपर्छ । यस्तै किसिमका अरू अभ्यास समेत गराउनुपर्छ ।

क् + क = क्क टक्क पक्क

ग् + ग = ग्ग बग्गी लग्गू

च् + च = च्च चुच्चो बच्चा

ट् + ट = ट्ट झट्ट कट्टू

न् + न = न्न झन्न टन्न

म् + म = म्म सम्म टम्म

ङ् + ख = ङ्ख पङ्खा चङ्ख

द् + ध = द्ध बुद्ध शुद्ध

न् + त = न्त दन्त लडन्त

म् + ब = म्ब अम्बा गुम्बा

र् + क = र्क धर्को चर्को

क् + य = क्य वाक्य पाक्यो

ख् + र = ख्र बाख्रो

ग् + ल = ग्ल बेग्लै अग्लो

घ् + व = घ्व घ्वाइँ

र् + य = र्य र्याल

र् + म = र्म धर्म, कर्म

क्य ख्य ग्य घ्य ङ्य च्य छ्य ज्य झ्य ञ्य
ट्य ठ्य ड्य ढ्य ण्य त्य थ्य द्य ध्य न्य
प्य फ्य ब्य भ्य म्य र्य ऱ्य ल्य व्य श्य
ष्य स्य ह्य क्ष्य त्र्य ज्ञ्य

क्र ख्र ग्र घ्र ङ्र च्र छ्र ज्र झ्र ञ्र
ट्र ठ्र ड्र ढ्र ण्र त्र थ्र द्र ध्र न्र
प्र फ्र ब्र भ्र म्र ल्र श्र स्र ऱ्ह

क्ल ख्ल ग्ल घ्ल ङ्ल च्ल छ्ल ज्ल झ्ल ट्ल
त्ल थ्ल द्ल ध्ल प्ल फ्ल ब्ल भ्ल म्ल श्ल
स्ल ह्ल

क्व ख्व ग्व घ्व ङ्व च्व छ्व ज्व झ्व ञ्व
ट्व ठ्व ड्व ढ्व ण्व त्व थ्व द्व ध्व न्व
प्व फ्व ब्व भ्व म्व य्व ऱ्व ल्व श्व ष्व
स्व ह्व क्ष्व त्र्व ज्ञ्व

**शिक्षकलाई सल्लाह**

संयुक्त अक्षर पढाउँदा यस्ता अक्षरहरूको पहिचान, उच्चारण र लेखाइको थप अभ्यास पनि गराउनुपर्छ ।

## अभ्यास

चित्र हेर र अक्षर चिन

अन्धो



इन्जिन

उल्लू

एक्का

ओछ्यान

कट्टु

कन्तुर

कोक्रो

खुर्सानी

खर्पन

गन्जी

गलबन्दी

घण्ट

घ्याम्पो

चक्र

चङ्गा



खम्बा

डम्फु

डाक्टर

ढक्को

ढुङ्ग्री

तक्मा

थुम्को

थर्मस

दुम्सी




दन्तमञ्जन



दाम्लो



धर्सो

नत्थ

नाङ्लो

नासपाती



पन्जा

पुस्तक

फर्सी

फ्याउरो

बन्दुक

बकुल्लो

ब्याग

भकुन्डो

भ्यागुतो

भन्याङ

मान्छे

मुन्द्री

मन्दिर



रुद्राक्ष

रिक्सा

लाम्खुट्टे

लँगडो

ल्वाङ

लक्ष्मी

शङ्ख

शङ्कर

सर्प



सूर्य

हात्ती

हुक्का

## अभ्यास

पढ र लेख

अर्को अभ्यास आनन्द आश्चर्य ईश्वर उत्सव एक्लो खुट्टा कृपा गर्मी दिक्क चुच्चो दर्शन जङ्गल तिर्खा नमस्कार पर्व व्रत पास्नी प्रणाम प्रसाद प्रार्थना बाख्रा बुद्धिमान् धन्यवाद व्रतबन्ध भक्ति दुष्ट भान्सा मूर्ति मङ्गलबार मन्दिर लड्डु उज्यालो विद्यार्थी विद्यालय सिमि्क सुग्घर सज्जन श्राद्ध तस्वीर न्यानो न्वारन प्वाल ढ्वाङ विष्णु लक्ष्मी कृष्ण पुण्डरीक स्याहार अर्थ वर्ष इच्छा खुड्किलो उच्चारण एकाग्र ऐश्वर्य ओछ्यान कुटुक्क लुटुक्क ज्यान ध्यान फूर्तिलो ।

ईश्वर मान । एकाग्र होऊ । ओछ्यानमा सुत । कुटुक्क टोक । फूर्तिलो बन । खुड्किलो चढ । मञ्जन लगाऊ । सज्जन बन । कष्ट गर । सुटुक्क आऊ । लुटुक्क सुत ।

शिक्षकलाई सल्लाह

यस्तै किसिमका संयुक्त अक्षर परेका शब्द समेत भएका अरू छोटा–छोटा वाक्यहरू भन्ने र लेख्ने थप अभ्यास गराउनुपर्छ ।

पद र वाक्य-ढाँचा

| | |
|---|---|
| म जान्छु | हामी / हामीहरू जान्छौं |
| तँ जान्छस्/ जान्छेस्<br>तिमी जान्छौ | तिमीहरू जान्छौ |
| त्यो/यो/ऊ जान्छ<br>जान्छे | ती/यी/तिनीहरू जान्छन्<br>तपाईंहरू/उहाँहरू जानुहुन्छ |

पढ र लेख

म जान्छु ।
तँ जान्छस् ।
ऊ जान्छ ।
म आउँछु ।
तँ आउँछस् ।
त्यो आउँछे ।

हामी जान्छौं ।
तिमीहरू जान्छौ ।
उनीहरू जान्छन् ।
हामीहरू आउँछौं ।
तिमीहरू आउँछौ ।
तिनीहरू आउँछन् ।

Copy this 5

| | |
|---|---|
| 4 राम नाच्छ । | राम र श्याम नाच्छन् । |
| सीता नाच्छे । | सीता र राधा नाच्छन् । |
| ऊ नाच्छे । | उनीहरू नाच्छन् । |
| त्यो नाच्छ । | सबै नाच्छन् । |
| तिमी बस्छौ । | तिमीहरू बस्छौ । |
| उनी बस्छन् । | उनीहरू बस्छन् । |
| [illegible]पाईं बस्नुहुन्छ । | तपाईंहरू बस्नुहुन्छ । |
| उहाँ बस्नुहुन्छ । | उहाँहरू बस्नुहुन्छ । |
| हुजुर बस्नुहुन्छ । | हजुरहरू बस्नुहुन्छ । |
| दाजु बस्नुहुन्छ । | दाजुहरू बस्नुहुन्छ । |

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (वचन, पुरुष, लिङ्ग आदरार्थीको सङ्गति वा मेल सिकाउने दृष्टिले उपयोगी) अन्य छोटाछोटा वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| आज | हिजो | भोलि |
|---|---|---|
| म जान्छु । | म गएँ । | म जानेछु । |
| हामी जान्छौं । | हामी गयौं । | हामी जानेछौं । |
| तँ जान्छस् । | तँ गइस् । | तँ जानेछस् । |
| तिमी जान्छौ । | तिमी गयौ । | तिमी जानेछौ । |
| ऊ जान्छ । | ऊ गयो । | ऊ जानेछ । |
| उनी जान्छन् । | उनी गए । | उनी जानेछन् । |
| राम नाच्छ । | राम नाच्यो । | राम नाच्नेछ । |
| सीता नाच्छे । | सीता नाची । | सीता नाच्नेछ । |
| दिदी बस्नुहुन्छ । | दिदी बस्नुभयो । | दिदी बस्नुहुनेछ । |
| राम आउँछ । | राम आयो । | राम आउनेछ । |

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (सामान्य वर्तमान, भूत र भविष्य काल प्रयोग गरिएका) अरू सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| छु/छौं | छ/छे/छन् | छस्/छेस्/छौ |
|---|---|---|

पढ र लेख

म यहाँ छु ।
तँ कोठामा छस् ।
तँ बाठी छेस् ।
ऊ झ्यालमा छ ।
ऊ पिडीमा छे ।

हामीहरू घरमा छौं ।
तिमीहरू बसमा छौ ।
उनीहरू आँगनमा छन् ।

| हुँ/हौं | हो/हुन् | होस्/हौ |
|---|---|---|

पढ र लेख

म विद्यार्थी हुँ ।
तँ को होस् ?
ऊ पसले हो ।

हामी किसान हौं ।
तिमी सिपाही हौ ?
उनीहरू गोठाला हुन् ।

| थिएँ/ थियौं/ थिइस् | थियो/ थियौ | थिई/ थिए/ थिइन् |
|---|---|---|

म हिजो सहरमा थिएँ ।
हामी हिजो घरमा थियौं ।
तँ ज्यादै होचो थिइस् ।
तिमीहरू ज्यादै अग्ला थियौ ।
ऊ यतै थियो ।
ऊ कता थिई ?
उनीहरू बारीमा थिए ।
बहिनी भान्सामा थिइन् ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै ( मुख्य क्रियाका रूपमा "छु....हुँ....थिएँ...." भएका)अरू सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| जाँदै | गएको |
|---|---|

म जाँदै छु ।
हामी जाँदै छौं ।
तँ जाँदै छस् ।
ऊ जाँदै छ ।
म गएको छु ।
हामी गएका छौं ।
तँ गएको छस् ।
तिमी गएका छौ ।
उनीहरू गएका छन् ।

म जाँदै थिएँ ।
हामी जाँदै थियौं ।
तँ जाँदै थिइस् ।
ऊ जाँदै थिई ।
म गएको थिएँ ।
हामी गएका थियौं ।
तँ गएको थिइस् ।
तिमी गएका थियौ ।
ऊ गएको थियो ।
ऊ गएकी थिई ।

शिक्षकलाई सल्लाह

यो पाठ पढाउँदा शिक्षकले यस्तै ( वर्तमान र भूत कालका पूर्ण र अपूर्ण पक्ष भएका) अरू केही सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्दछ ।

| जाओस्/जाऊन् | जा/जाऊ/जाओ | जाउँ/जाऔं |
|---|---|---|

भाइ सहर जाओस् । भाइहरू सहर जाऊन् ।
ऊ मन्दिर जाओस् । उनीहरू मन्दिर जाऊन् ।

ऊ पसल जाओस् । उनीहरू पसल जाऊन् ।
तिनी घर जाऊन् । तिनीहरू घर जाऊन् ।

तँ सहर जा । तिमीहरू सहर जाओ ।
तिमी खेल्न जाऊ । तिमीहरू खेल्न जाओ ।

तपाईं पसल जानुहोस् । तपाईंहरू पसल जानुहोस् ।
म सहर जाउँ ? हामीहरू सहर जाऔं ?

| भन्/गन् | सुन/भन | गाऊ/खाऊ |
|---|---|---|

नाम भन् ।
छिटो उठ् ।

सुन्तला गन् ।
चाँडो कुद् ।

बाजा सुन ।
गीत गाऊ ।

कथा भन ।
सेल खाऊ ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै ( विध्यर्थ इच्छार्थ प्रयोग गरिएका ) अन्य सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| |
|---|
| जाउँला / जाऔंला / जालास् / जालिस् /जानुहोला<br>जाला / जालान् / जाउला / जाउली |

म घर जाउँला । हामी घर जाऔंला ।

तँ घर जालास् । तिमीहरू घर जाऔला ।

तँ घर जालिस् ।

ऊ घर जाला । उनीहरू घर जालान् ।

ऊ घर जाली ।

तिमी घर जाउला । तिमीहरू घर जाऔला ।

तिमी घर जाउली ।

तपाईं घर जानुहोला । तपाईंहरू घर जानुहोला ।

उहाँ घर जानुहोला । उहाँहरू घर जानुहोला ।

हजुर घर जानुहोला । हजुरहरू घर जानुहोला ।

राम भात खाला । सीता सेल खाली ।

तपाईं कथा भन्नुहोला । हजुर चिट्ठी लेख्नुहोला ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (सम्भावनार्थ भएका) अन्य सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| छ/छैन | हो/होइन | थियो/थिएन |
|---|---|---|

यो चरो राम्रो छ । त्यो चरो राम्रो छैन ।
यी घर होचा छन् । यी घर होचा छैनन् ।
तँ सिपालु छस् । तँ सिपालु छैनस् ।
तिमीहरू अग्ला छौ । तिमीहरू अग्ला छैनौ ।
म सानो छु । म सानो छैन ।
हामी चलाख छौं । हामी चलाख छैनौं ।
यो किताब रामको हो । यो किताब रामको होइन ।
यी कलम मेरा हुन् । यी कलम मेरा होइनन् ।
तँ विद्यार्थी होस् । तँ विद्यार्थी होइनस् ।
तिमी किसान हौ । तिमी किसान होइनौ ।
म केटाकेटी हुँ । म केटाकेटी होइन ।
हामी गाउँले हौं । हामी गाउँले होइनौं ।
ऊ घरमा थिएन । राधा कोठामा थिइन ।

तँ कक्षामा थिइनस्। तिमीहरू बगैंचामा थिएनौ।
म गाउँमा थिइन । हामीहरू बजारमा थिएनौं।
पासाङ खेतमा गएन। तिमी वनमा पुगेनौ ।
म पहिला भइन । हामी ढिलो आएनौं ।
खाने कुरा नछर । कक्षामा हल्ला नगर ।
नरामो कुरा नबोल । साथीको झोला नखोल ।
अरूको कलम नलेऊ। चकचके नहोऊ ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (करण, अकरण भएका) अरू सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| ले | लाई | बाट | देखि | को | का | की | मा |
|---|---|---|---|---|---|---|---|

आमाले माया गर्नुहुन्छ ।
बहिनीले गीत गाई ।
मैले कथा भनें ।
भाइले सिसाकलमले चित्र बनायो ।

साथीलाई बोलाऊ ।
गाईलाई डुलाऊ ।
आमाले मलाई रोटी दिनुहुन्छ ।
मलाई चरा मन पर्छ ।

रूखबाट पात झर्‍यो ।
मैले साथीबाट मद्दत पाएँ ।
विद्यालय घरदेखि टाढा छ ।
मलाई सर्पदेखि डर लाग्छ ।

यो दाजुको टोपी हो ।
त्यो काकाको घर हो ।
लखनका साथीहरू असल छन् ।
पासाङकी बहिनी चलाख छे ।



बगैंचामा जाऊ ।
छहारीमा बस ।
कापीमा लेख ।
आँगनमा खेल ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (ले, लाई, बाट, देखि, को, का, की, मा विभक्ति भएका) अरू सरल वाक्यहरूको पनि थप अभ्यास गराउनुपर्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| सानो | – | ठूलो | रामो | – | नरामो |
| धेरै | – | थोरै | केही | – | सबै |
| एउटा | – | दुइटा | सफा | – | मैलो |
| उज्यालो | – | अँध्यारो | सोझो | – | बाङ्गो |

सानो घर उसको हो। ठूलो घर तेरो हो।
यो किताब रामो छ। त्यो किताब नरामो छ।

मसँग धेरै खेलौना छन्। उनीसँग थोरै खेलौना छन्।

केही विद्यार्थी आए। सबै विद्यार्थी आए।

मैले एउटा आँप किनें। हामीले दुइटा आँप किन्यौं।

उनको लुगा सफा छ। तिनको लुगा मैलो छ।

दिन उज्यालो हुन्छ। रात अँध्यारो हुन्छ।
यो रूख सोझो छ। त्यो रूख बाङ्गो छ।

| | | |
|---|---|---|
| अगि–पछि | टाढा–नजिक | वारि–पारि |
| अहिले–उहिले | भित्र–बाहिर | चाँडो–ढिलो |
| यहाँ–त्यहाँ | तल–माथि | हिजो–आज |
| यता–उता | वर–पर | सधैं–कहिलेकाहीं |

राम अगि आए । लक्ष्मण पछि आए ।
तिम्रो गीत अहिले सुनें । उसको गीत उहिले सुनें ।

तिमी कहाँ जान्छौ ? म त्यहाँ जान्छु ।
भाइ यता हेर । बहिनी उता हेर ।

श्याम भित्र पसे । उमा बाहिर निस्किन् ।
खरायो तल छ । चरा माथि छ ।

तिमी पर बस्छौ । म वर बस्छु ।
पारि डाँडो छ । वारि खोला छ ।

मामा हिजो आउनुभयो। माइजू आज आउनुभयो।

म सधैं पढ्छु। म कहिलेकाहीं डुल्छु।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (क्रिया विशेषण भएका) अरू सरल वाक्यहरूको थप अभ्यास पनि गराउनुपर्छ।

| र | अनि | पनि | भने | कि |
|---|---|---|---|---|
| सँग–सित | भन्दा | तिर | छेउ–माथि | |

राम र श्याम नाचे ।
सीता र राधाले गीत गाए ।
मधु र कमलले मादल बजाए ।

पढ्छौ भने पढाउँछु ।
खेल्छौ भने खेलाउँछु ।
तिमी बस्छौ कि जान्छौ ?

मसँग वन हेर्न आऊ ।
आफूसित भाइलाई पनि बोलाऊ ।
रूखभन्दा रामो के छ ?

खोलातिर गाई चर्छ ।
दैलाछेउ जोगी आयो ।
हाँगामाथि चरो रमायो ।

| आमै त नि पो अहो ऐया रे अँ |
| --- |
| आच्छु/आत्था कुन्नि स्यावास |

आमै ! दिदी लड्नुभयो !

अहो ! स्यालले कुखुरा टिप्यो।

ऐया ! दुख्यो !

आच्छु ! पिठ्यूँमा पानी पऱ्यो ।

आत्था ! आगोले पोल्यो ।

स्यावास ! पहिला भयौ ।

तिमी त रामा छौ ।

उनी कस्ता छन् नि ?

खै माछो कता छ ?

त्यो भ्यागुतो पो हो ।

तिमीले मेरो पुस्तक लियौ रे !

अँ हो, कसले भन्यो ?

ए राम! भोलि बिदा हुन्छ कि?

कुन्नि, मलाई थाहा छैन ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै (संयोजक नामयोगी, विस्मयादिबोधक तथा निपात शब्द भएका ) अरू सरल वाक्यहरूको थप अभ्यास पनि गराउनुपर्छ ।

| | | | |
|---|---|---|---|
| गएर | गई | जान | जान्नुपर्छ |

घर गएर भात खाऊ ।
भात खाएर लुगा लगाऊ ।
लुगा लगाएर बाहिर जाऊ ।
एक छिन डुलेर घर आऊ ।

वन गई दाउरा ल्याऊ ।
दाउरा ल्याई भात पकाऊ ।
थाल पखाली भाग लगाऊ ।
सबै मिली खाना खाऊ ।

भात खान हात धोऊ ।
विद्यालय जान तयार होऊ ।
बलियो बन्न दूध खाऊ ।
राम्रो हुन लुगा लगाऊ ।

बिहान सबेरै उठ्नुपर्छ ।
ज्ञानी बन्न पढ्नुपर्छ ।
अक्षर राम्रो पार्नुपर्छ ।
नाच्न-गाउन जान्नुपर्छ ।

**शिक्षकलाई सल्लाह**

यो पाठ पढाउँदा शिक्षकले यस्तै ( पूर्व क्रिया, उत्तर क्रिया र 'पर्छ' लागेका) अरू सरल वाक्यहरूको थप अभ्यास पनि गराउनुपर्छ ।

| | | |
|---|---|---|
| टक्क | सलसल | खलखल |
| बुर्लुक्क | सिमसिम | पट्ट खुर्र भुर्र |
| आँखा खुल्नु | अरूको लाख | आमाको काख |
| मन मिल्नु | नाच्न नजान्ने | आँगन टेढो |

भाइ बाटामा टक्क अड्यो ।
गिलास पट्ट फुट्यो ।
मूसो खुर्र दगुऱ्यो ।
चरो भुर्र उड्यो ।

खोलो सलसल बग्यो ।
पाठो बुर्लुक्क उफ्ऱ्यो ।
खलखल पसीना आयो ।
आज सिमसिम पानी पऱ्यो ।

विद्याले आँखा खुल्छ ।
रामसँग मेरो मन मिल्छ ।
अरूको लाख आमाको काख ।
नाच्न नजान्ने आँगन टेढो ।

लहर लागी बसमा चढ ।
घरमा गई पाठ पढ ।
थालमा खाई जुठ्यानमा चुठ ।
लुगा फेरी ओछ्यानमा सुत ।

रूखबाट आरू झार ।
टुसा किनी मुठा पार ।
डिमीडिमी डमरु बजाऊ ।
चटकी दाजु भालु नचाऊ ।

कूचो लिई फोहर फालौं ।
माटो ल्याई दुलो टालौं ।
मूलाखाई वन पस ।
अदुवा खाई सभामा बस ।

मादल बजाई गीत गाऊ ।
दाजुभाइ मिली मेवा खाऊ ।

चरा ! चरा ! खोई तेरा बचेरा ।
आकाशमा हेर नानी,उडे मेरा बचेरा ।

जोगी हिंड्छन् दैलो–दैलो ।
बोकी हिंड्छन् माग्ने थैलो ।

दौरा सुरुवाल टोपी लगाऊ ।
लौरो टेकी घुम्न जाऊ ।

काका कौवा नेपाली पौवा ।
गाउँ–घरका पराले टौवा ।

बसबस मौरी बुधबार जाउली ।
फुलैफूलको कचौरीमा मह तिमी खाउली ।



फररर फररर नेपालको झन्डा ।
पाखा-बारीभरि लटरम्म अम्बा ।

सुनसुन पञ्च म केही भन्छु ।
सारङ्गी बजाई सवाई कहन्छु ।

यो पुस्तक बिक्रीका लागि होइन । श्री ५ को सरकार, युनिसेफ र नोराडको संयुक्त आयोजना अन्तर्गत निःशुल्क वितरण गरिएको हो । कृपया पुस्तकको राम्रो जतन गर्नुहोला । यो पुस्तक पछि विद्यालयमा फर्काउनुपर्नेछ ।

# गणेशको प्रार्थना

गणेश तिम्रो पूजा गर्छौं
राखी भक्ति हामी ।
शिव–गौरीका प्यारा छोरा !
मङ्गलका छौ खानी ।।

डम्म परेको ठूलो भुँडी
लामो सूँड छ तिम्रो ।
ठूलो कान छ, वाहन मूसो
रक्षा गर्छौं हाम्रो ।।

हामी रमाई जय–जय गाई
तिम्रो पूजा गर्छौं ।
सिन्दूर, दूवो, लड्डू चढाई
तिम्रै पाउ पर्छौं ॥

## अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

कक्षा, रक्षा, शिक्षा, तिम्रै, तिम्रो, राम्रै, राम्रो, हाम्रो, गर्छौं, पर्छौं, सर्छौं, जुक्ति, भक्ति, शक्ति, जंगल, मंगल, भुँडी, सूँड, लड्डू, अड्डा, मन्दिर, सिन्दूर ।

२. पढ र बुझ

(क) खानी, जय–जय, डम्म, पाउ, पूजा, भक्ति, रक्षा, वाहन, सूँड ।

(ख) गणेशले मङ्गल गर्छन् । सरस्वतीले विद्या दिन्छिन् । लक्ष्मीले धन दिन्छिन् ।

३. मुखैले जवाफ देऊ

(क) गणेशका बाबुआमा को हुन् ?

(ख) गणेशको भुँडी ठूलो छ कि सानो छ ?

(ग) गणेशको वाहन मूसो हो कि होइन ?

(घ) गणेशको पूजा गर्दा सिन्दूर जस्तै अरू के-के चढाउनुपर्छ ?

(ङ) तिम्रो घरमा बाबुआमाले कुन-कुन देवताको पूजा गर्नुहुन्छ ?

४. सुनाऊ

गणेशको प्रार्थना कण्ठ सुनाऊ ।

५. खाली ठाउँमा चाहिने शब्द लेख

म जान्छु । हामी जान्छौं ।

म खान्छु । हामी ... ।

... हिंड्छु । हामी हिड्छौं ।

म पढ्छु । हामी ... ।

६. सामूहिक क्रियाकलाप

(क) शिक्षकको निर्देशनमा कक्षाका सबै विद्यार्थीहरूले भाका हाली गणेशको प्रार्थना गर्ने ।

(ख) शिक्षकले नजिकको कुनै देवताको थानमा लगी देखाउने र देखेको कुरा कक्षामा मौखिक बयान गर्न लगाउने ।

# ताराबाजी लै लै

ताराबाजी लै लै
मामा आए घोडा
माइजू आइन् डोली
पापा ल्याइन् सोली
बाँडी खाउँला भोलि
बुबु-माम सुपुक्क
काफलगेडी कुटुक्क
निदाइजाऊ लुटुक्क ॥

## अभ्यास

१. पढ र रामा अक्षरमा लेख

दिन्छिन्, लिन्छिन्, हुन्छिन्, ल्याइन्, आइन्, सुपुक्क, टुपुक्क, लुटुक्क कुटुक्क ।

२. पढ र बुझ

(क) डोली, सोली, भोलि, पापा, बाबा, बुबु, गेडी, सुपुक्क, कुटुक्क, लुटुक्क ।

(ख) घोडा एउटा जनावर हो । काफल एउटा फल हो । दुई हातले ताली बज्छ ।

३. मुखैले जवाफ देऊ

(क) तिमी काफलगेडी कसरी खान्छौ ?

(ख) तिमी बुबु–माम कसरी खान्छौ ?

(ग) तिमी कसरी निदाउँछौ ?

(घ) तिम्रा भाइ–बहिनी के-के पापा खान्छन् ।

४. सुनाऊ

ताराबाजी लै लै गीत भाका हालेर कण्ठ सुनाऊ ।

५. कक्षाका साथीहरू मिली थपडी बजाई हाउभाउ लगाएर "ताराबाजी लै लै" गीत गाऊ ।

६. तलका खाली ठाउँमा ठीक शब्द लेख

मामा आए/माइजू आइन् । काका आए/काकी. . . . . ।

जेठा बा आए/जेठी आमा. . . . . ।

# घर

हाम्रो घर

उमाको घर वर छ ।
रामको घर पर छ ।
राधाको घर रातो छ ।
शिवको घर सेतो छ ।
हामी सबैको घर छ ।

अरूको घर

चराको पनि घर हुन्छ ।
चराको घरलाई गुँड भन्दछन् ।
गाई-भैंसीको पनि घर हुन्छ ।
गाई-भैंसीको घरलाई गोठ भन्दछन् ।
खसी-बाख्राको पनि घर हुन्छ ।
खसी-बाख्राको घरलाई खोर भन्दछन् ।

घरले दिने काम

घरले हामीलाई घामबाट बचाउँछ ।
घरले हामीलाई पानीबाट बचाउँछ ।
घरले हामीलाई हुरीबाट बचाउँछ ।
घरले हामीलाई धेरै कुराबाट बचाउँछ ।

घर भएपछि बस्न सजिलो हुन्छ ।
घर भएपछि आरामसँग सुत्न पाइन्छ ।

धेरै किसिमका घर

रमाको घर एकतले छ ।
रामको घर दुईतले छ ।
उमाको घर ढुङ्गाले बनेको छ ।
हरिको घर ईंटले बनेको छ ।



शिवको घर कमेरोले पोतेको छ ।
राधाको घर रातो माटोले पोतेको छ ।
घरका छानाहरू फरक-फरक छन् ।
उनीहरूका घर किसिम-किसिमका छन् ।

घर भित्रका ठाउँहरू

उमाको घरमा कोठाहरू छन् ।
एउटा सुत्ने कोठा छ ।
एउटा भान्छाकोठा छ ।
एउटा भण्डारकोठा छ ।
कुनै घरमा थोरै कोठा हुन्छन् ।
कुनै घरमा धेरै कोठा हुन्छन् ।

## घर वरिपरि



उमाको घरमा आँगन छ ।
आँगन अगाडि बाटो छ ।
घरको पछाडि तरकारीबारी छ ।
उमाको घर नजिक चउर छ ।
उनी चउरमा खेल्छिन् ।
उनी चउरमा गाईवस्तु चराउँछिन् ।

### अभ्यास

१. पढ र रामा अक्षरमा लेख

गुँड, भैंसी, बाख्रा, बस्न, सुत्न, पाइन्छ, हुन्छ, ईंट, पढ्ने, हुन्छन्, भण्डार, लगाउँछन्, चराउँछिन् ।

२. पढ र बुझ

(क) घर, गुँड, खोर, गोठ, वरपर, फरक, नजिक, सेतो, रातो, कमेरो, आँगन ।

(ख) खाना पकाउने भान्छाकोठा, सामान राख्ने भण्डारकोठा ।

३. मुखैले जवाफ देऊ

(क) राधाको घर कस्तो छ ?

(ख) गाई-भैंसीको घरलाई के भन्दछन् ?

(ग) घरले हामीलाई केबाट बचाउँछ ?

(घ) तिम्रो घर कति तले छ ?

(ङ) तिम्रो घर के-केले बनेको छ ?

४. तलका खाली ठाउँमा ठीक शब्द छानी लेख

(क) मेरा धेरै साथीहरू . . . . . । (छ, छन्)

(ख) किसानहरू तरकारी . . . . . ।(लगाउँछ, लगाउँछन्)

५. चित्र हेर र को कहाँ बस्छ भन





## ६. हो, होइन भन

(क) गाई घरपाला जनावर हो।
(ख) भालु घरपाला जनावर हो।
(ग) जरायो जङ्गली जनावर हो।
(घ) भेडा जङ्गली जनावर हो।
(ङ) बाँदर जङ्गली जनावर होइन।
(च) हाँस घरपाला जनावर होइन।

## ७. तलका काम गर

(क) घरको चित्र बनाऊ।
(ख) साथीभाइ मिलेर ढुंगाका टुक्रा, काठका टुक्रा, माटो, कागत र छेस्का जम्मा गरी घरको नमूना बनाऊ।

# कुखुरी काँ

कुखुरी काँ
बासी भात खाँ ।
खोइ बासी भात ?
बिरालोले खायो ।
खोइ बिरालो ?
मूसो मार्न गयो ।
खोइ मूसो ?
दुलोभित्र पस्यो ।
खोइ दुलो ?
गाईले कुल्च्यो ।
खोइ गाई ?
खोलोले बगायो ।
खोइ खोलो ?
सुक्यो ।



## अभ्यास

### १. पढ र रामा अक्षरमा सार

काँ, खाँ, मार्न, सार्न । भित्र, पत्र, सत्र । कुल्च्यो, झुल्क्यो । ठ्याम्म । सुक्यो, दुख्यो, बग्यो ।

### २. पढ र बुझ

(क) बासी भात, कुखुरी काँ

(ख) कुखुरीले फुल पार्छे । फुलबाट चल्ला निस्कन्छ । बिरालोले मूसो खान्छ । मूसोले अन्न खान्छ ।

### ३. मुखैले जवाफ देऊ

(क) कुखुरो कसरी कराउँछ ?

(ख) खोलो के भयो ?

(ग) तिमीले के-के चरा देखेका छौ ?

(घ) तिमीले गाईबाहेक अरू के-के जनावर देखेका छौ ?

४. कुखुरी काँ, पाठ लय हालेर कण्ठ सुनाऊ ।

५. कक्षाका सबै साथीहरू मिलेर कुखुरी काँ पाठ भाका हालेर गाओ ।

### ६. खाली ठाउँमा ठीक शब्द लेख

(क) कुखुरीको कुखुरो जस्तैः– पयाउरोको .....
चरोको ..... छोरोको .....

### ७. खाली ठाउँमा चाहिने अक्षरहरू लेख

(क) राम घरभित्र पस्यो । म कक्षा ... बसे । मूसो दुलो ... पस्यो । चरो गुँड ... पस्यो ।

(ख) हावाले उडायो । खोला ... बगायो । राम .....खायो । कुकुर ..... टोक्यो ।

# मने हाम्रो साथी

मने हाम्रो साथी
कति राम्रो पाठी !
मने घरी-घरी
नाच्छ वरिपरि
आँगन, बारी डुली
खेल्छौं मिलीजुली
पानी खान्छ चर्छ
छुनुमुनु गर्छ
म्याँम्याँ मने फुरुक्क
उफ्रिदिन्छ बुरुक्क
मने हाम्रो साथी
कति राम्रो पाठी !

## अभ्यास

### १. पढ र रामा अक्षरमा लेख

साथी, पाथी, माथि, कति, जति, यति, उति, नाच्छ, भाँच्छ, बारी, घारी, सारी, वारि, पारि, चर्छ, सर्छ, भर्छ, फुरुक्क, जुरुक्क, हुरुक्क, सुरुक्क, बुरुक्क ।

### २. पढ र बुझ

(क) साथी, पाठी, पाडी, नाच्छ, वरिपरि, घरी-घरी, आँगन, फुरुक्क बुरुक्क ।

(ख) मूसाको दुलो, कुकुरको टाँड, बाखापाठाको खोर ।

### ३. मुखैले जवाफ देऊ

(क) मने कसको साथी हो ?

(ख) मने कसको नाम हो ?

(ग) मने घरी-घरी वरिपरि के गर्छ ?

(घ) यो पाठमा साथीहरू कहाँ र कसरी खेल्छन् ?

(ङ) म्याँम्याँ कसरी उफ्रिन्छ ?

# ढुकुर र कमिलो

एउटा खोलो थियो । खोलोको किनारमा एउटा रूख थियो । रूखको हाँगामा एउटा ढुकुर बस्थ्यो । तल फेदमा एउटा कमिलो बस्थ्यो । ढुकुर र कमिलो एक अर्काका साथी थिए ।

एक दिनको कुरो हो । कमिलोलाई पानी खान मन लाग्यो । ऊ खोलोको नजिक गयो । उसलाई खोलाले बगायो । ऊ आत्तिएर छटपटायो ।

रूखमाथि बसेको ढुकुरले कमिलो आत्तिएको देख्यो । उसलाई कमिलोमाथि दया लाग्यो । उसले कमिलोको ज्यान बचाउन खोज्यो ।

ढुकुरले रूखको एउटा पात चुच्चाले च्याप्यो । त्यो पात कमिलोको छेउमा खसाल्यो । कमिलो

पातमाथि चढ्यो । उसले त्यो पात फेरि चुच्चामै च्यापी बाहिर निकाल्यो । ढुकुरले कमिलोको ज्यान बचायो । कमिलो ढुकुरदेखि धेरै खुशी भयो ।



अर्को दिनको कुरा हो । त्यहाँ एउटा शिकारी आयो । शिकारीको हातमा बन्दुक थियो । उसले ढुकुरलाई बन्दुक सोझ्यायो । ढुकुरले यो कुरा थाहा पाएन । कमिलोले चाहिं सबै कुरा देखिरहेको थियो । उसले पनि ढुकुरको ज्यान बचाउन खोज्यो । ऊ शिकारीको नजिकै गयो ।

कमिलोले शिकारीको खुट्टामा टोक्यो । उसको टोकाइले शिकारी तर्सिएर उफ्र्यो । उसको हातबाट बन्दुक तल खस्यो । त्यो आवाजले ढुकुर रूखबाट उड्यो । ऊ शिकारीबाट बच्यो । ढुकुर पनि कमिलोदेखि धेरै खुशी भयो ।

## अभ्यास

१. पढ र रामा्र अक्षरमा सार

ज्यान, चुच्चो, आत्तिएर, तर्सिएर, खोज्यो, च्याप्यो, उफ्र्यो, टोक्यो, खसाल्यो, निकाल्यो ।

२. पढ र बुझ

(क) हाँगो, फेद, ज्यान, आवाज, शिकारी, बन्दुक ।
(ख) ढुकुर-कुकुर एकै ठाउँ, कुकुर छोडी ढुकुर खाउँ ।

३. मुखैले जवाफ देऊ

(क) ढुकुर कहाँ बस्थ्यो ?
(ख) कमिलो कहाँ बस्थ्यो ?
(ग) कमिलोलाई किन खोलाले बगायो ?
(घ) ढुकुरले कमिलोलाई कसरी बचायो ?

(ङ) कमिलोले ढुकुरलाई कसरी बचायो ?

(च) ढुकुर र कमिलोको कथाबाट तिमीले के सिक्यौ ?

(छ) तिमी कमिलोको मद्दत कसरी गर्थ्यौं ?

## ४. पाठ हेरी सच्याएर सार

खुसी, नजिक, सीकारी, बंदुक, आतिएर, चूचो, कमीला ।

## ५. पढ, बुझ र साथीलाई कथा सुनाऊ

एउटा खोलो थियो ।
एउटा रूख थियो ।
एउटा कमिलो थियो ।
एउटा ढुकुर थियो ।

कमिलो खोलोमा खस्यो ।
ढुकुरले पात खसाल्यो ।
कमिलो पातमाथि चढ्यो ।
कमिलोको ज्यान बच्यो ।

एउटा शिकारी आयो ।
शिकारीले बन्दुक सोझ्यायो ।
कमिलोले शिकारीको खुट्टोमा टोक्यो ।
ढुकुरको ज्यान जोगियो ।

ढुकुरले कमिलोलाई जोगायो ।
कमिलोले ढुकुरलाई जोगायो ।

## ६. बनाऊ

पातको चित्र । रूखको चित्र । कमिलोको चित्र ।

# म्याउँ-म्याउँ

बिरालो गर्छ म्याउँ-म्याउँ
दूध खोजी खाउँ ।



मूसो गर्छ चीं-चीं
दुलाभित्र जाउँ ।

कुकुर भुक्छ घ्वाङ्-घ्वाङ्
घर घुमी आउँ ।



बाछो गर्छ बाँ–बाँ
घाँस–पराल खाउँ ।

पाठो गर्छ म्याँ-म्याँ
नाचीखेली गाउँ ।

काग गर्छ का-का
खबर बुझी आउँ ।

अभ्यास

१. पढ र रामा अक्षरमा लेख

घ्वाङ-घ्वाङ, बाँ-बाँ, म्याँ-म्याँ, का-का, खाउँ, जाउँ, आउँ, गाउँ ।

## २. पढ र बुझ

(क) दूध, दुलाभित्र, पराल, काग, पाठो, बाछो ।

(ख) गाईको बाछो वा बाछी । भेडा र बाख्राको पाठो वा पाठी । भैंसीको पाडो वा पाडी । चरोको बचेरो । मूसोको बच्चो । कुकुरको छाउरो । बिरालोको न्याउरो ।

## ३. को कसरी कराउँछ ? जोडा मिलाऊ

| | |
|---|---|
| कुकुर | म्याउँ-म्याउँ |
| मूसो | का-का |
| बाछो | म्यां-म्यां |
| पाठो | बाँ-बाँ |
| बिरालो | घ्वाङ-घ्वाङ |
| काग | चीं-चीं |

## ४. चित्र हेरेर तलका प्रश्नको जवाफ देऊ

(क) कसले के खान्छ ?

(ख) को कहाँ बस्छ ?

(ग) चरा र जनावर छुट्याऊ ?



# हाम्रो परिवार

सानी नानी गीता हुन् । उनीसँग उनका दाजु दीपक छन् । उनका बा, आमा हुनुहुन्छ । उनका बाजे, बज्यै हुनुहुन्छ ।

गीता, दीपक, बा, आमा, बाजे र बज्यै एउटै घरमा बस्छन् । उनीहरू एउटै भान्सामा भात खान्छन् । एकै ठाउँमा मिलीजुली बस्छन् । यो उनीहरूको एउटा परिवार हो ।

परिवार थरी-थरीका हुन्छन् । कुनै परिवारमा धेरै जना हुन्छन् । कुनै परिवारमा थोरै जना हुन्छन् । धेरै जना भए ठूलो परिवार हुन्छ । थोरै जना भए सानो परिवार हुन्छ ।

परिवारमा बस्दा धेरै कुराको फाइदा हुन्छ । परिवारमा हामी मिलेर बस्न सिक्छौं । मिलेर काम गर्छौं । परिवारमा हामी एक अर्काको मद्दत गर्छौं । एक अर्काबाट मद्दत पनि पाउँछौं । हामी अरूलाई माया गर्छौं । हामी अरूको माया पाउँछौं । हामी आपसमा माया गर्छौं ।

हाम्रा बाजे, बज्यैले घरको हेरचाह गर्नुहुन्छ । बा र दाजु बाहिर काम गर्न जानुहुन्छ । आमाले भात पकाउनुहुन्छ, हामीलाई सफा-सुग्घर पारिदिनुहुन्छ । घरमा दाजु र दिदीले पनि बिहान-बेलुका पढाइदिनुहुन्छ ।

घरमा हामी रमाइला कुरा गर्छौं । बज्यैले हामीलाई कथा र गीत सुनाउनुहुन्छ । हामी कथा सुन्छौं । हामी गीत गाउँछौं ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

बस्छौं, राख्छौं, सफासुग्घर, बाजे, बज्यै, परिवार, गर्छौं, गर्छौं ।

२. पढ र बुझ

(क) परिवार, फाइदा, सघाउनु, हेरचाह, गीत ।

(ख) दाल, भात, तरकारी पकाउने आमा । मीठा-मीठा खाने कुरा खान दिने आमा । हामीलाई बराबरी माया गर्ने आमा ।

३. मुखैले जवाफ देऊ

(क) गीताको परिवारमा को-को छन् ?
(ख) परिवार कति थरीका हुन्छन् ?
(ग) परिवारमा बस्दा कुन-कुन कुराको फाइदा हुन्छ ?
(घ) तिम्रो परिवारमा कति जना छन् ?

४. खाली ठाउँमा ठीक शब्द रोजेर राख

(क) बाजे काम गर्न. . . . . । (जानुहुन्छ, जान्छ)
(ख) हामी गीत. . . . . । (गाउँछु, गाउँछौं)
(ग) मेरो परिवार सानो. . . . . । (छन्, छ )

# कति राम्री पुतली

टालाटुली बटुली
कति राम्री पुतली !
सानी पनि छैन रे
ठूली पनि हैन रे
जीउ सुत्त परेकी
पहेंली र पातली
कति राम्री पुतली !

लाइदिउँ कि बुलाकी ?
टीकी राम्रो होला कि ?
कोरी-बाटी चुलठी
आँखा दुवै गाजली
कति राम्री पुतली !

## अभ्यास

### १. पढ र रामा अक्षरमा लेख

सुत्त, पहेंली, रात्री ।

### २. पढ र बुझ

(क) टालाटुली, कोरीबाटी, धोइपखाली, नुहाइधुवाइ, सुत्त परेकी, चिटिक्क परेकी।

(ख) टालाटुली बटुली कति रात्री पुतली। कोरीबाटी चुलठी आँखा दुवै गाजली।

### ३. मुखैले जवाफ देऊ

(क) पुतली सानी छ कि ठूली छ ?

(ख) पुतलीको जीउ कस्तो छ ?

(ग) पुतलीको रङ्ग कस्तो छ ?

(घ) पुतलीका कपाल र आँखा कस्ता छन् ?

(ङ) पुतली उड्छ कि उड्दैन ?

(च) के बाट पुतली बनाउन सकिन्छ ?

### ४. सुनाऊ

(क) कति रात्री पुतली पाठ कण्ठ सुनाऊ ।

(ख) कति रात्री पुतली पाठ कक्षाका सबै साथीहरू मिली भाका हालेर गाओ।

५. खाली ठाउँमा चाहिने शब्द लेख

पुतली राम्रो छ ।
म राम्री .....।
पुतलीलाई बुलाकी लगाइदिउँ कि ?
बहिनीलाई घाँघर .....?
पुतली ठूली पनि छैन, सानी पनि छैन ।
मेरी बहिनी सानी .....?

६. नेपाली, पहेंली जस्तै आखिरमा ली आउने अरू दुई शब्दहरू लेख ।

# काउकाउ

एउटा रूखमा एक जोडी काग बस्थे। उनीहरूको एउटा बचेरो थियो। बचेराको नाम काउकाउ थियो।

एक दिन काउकाउले भन्यो– "आमा ! मलाई भोक लाग्यो। मलाई खानेकुरा खोइ ?"

काउकाउका बा र आमाले भने– "पख, काउकाउ। हामी खानेकुरा लिएर आउँछौं। तिमी यहीं बसिराख।"

काउकाउका बा-आमा उडेर गए। काउकाउ-लाई पनि उड्ँ-उड्ँ लाग्यो।

काउकाउ आफैं खाने कुरा खोज्न उड्यो। ऊ एक ठाउँमा पुग्यो। उसले त्यहाँ खानेकुरा देख्यो। खानेकुरा जालले ढाकिएको थियो।

काउकाउले मनमनै भन्यो–"अहा! खानेकुरा, म त्यो खानेकुरा खान्छु। कति मीठो होला।"

काउकाउ खानेकुरा खान गयो। ऊ जालमा अल्झियो। ऊ त्यहाँबाट उम्किन सकेन। ऊ करायो– "आमा! मलाई के भो? बा! मलाई के भो? लौन, छिटो आउनोस्। मलाई बचाउ-नोस्।" काउकाउका बा र आमाले उसलाई देखे। ऊ जालमा परेर कराइरहेको थियो। उसका बा-आमाले अरू कागहरूलाई डाके। सबै कागहरूले सल्लाह गरे। उनीहरूले मिलेर जाल उडाए। उनीहरू जाल लिई आफ्नो पुरानो साथी मूसो-कहाँ पुगे।



कागहरूले मूसोलाई सबै कुरा भने । मूसोलाई पनि काउकाउमाथि दया लाग्यो । उसले जाल काटिदियो । काउकाउ जालबाट बाहिर आयो । सबै कागहरूले मूसोलाई धन्यवाद दिए ।

## अभ्यास

१. पढ र रामा अक्षरमा लेख

लाग्यो, भाग्यो, आउँछौं, ल्याउँछौं, अल्झियो, बल्झियो ।

२. पढ र बुझ

(क) जोडी, बचेरो, जाल, दया, मीठो, पुरानो, सल्लाह, धन्यवाद ।

(ख) काग का-का, पाठो म्याँ-म्याँ, भेडो भ्या-भ्या, गाई बाँ-बाँ ।

३. मुखैले जवाफ देऊ

(क) एक जोडी काग कहाँ बस्थे ?

(ख) बचेराको नाम के थियो ?

(ग) काउकाउका बा र आमा के ल्याउन उडेर गए ?

(घ) खानेकुरा केले ढाकिएको थियो ।

(ङ) कागहरू मिलेर के गरे ?

(च) काउकाउ जालबाट कसरी बाहिर आयो ?

४. कसले, कसले भनेको हो ? कोठाभित्र रहेका शब्दहरूबाट मिल्दो चार्हि छान

(क) पख, काउकाउ हामी खानेकुरा लिएर आउँछौं । (काउकाउ, काउकाउका बा–आमा, मूसो)

(ख) अहा ! खानेकुरा,म त्यो खानेकुरा खान्छु । (काउकाउ, अरू काग, मूसो)

(ग) लौन छिटो आउनोस् । मलाई बचाउनोस् । (मूसो, अरू काग, काउकाउ)

५. सुनाऊ

काउकाउको कथा सम्झेर सुनाऊ ।

# हाम्रो चाड

दशैं आयो,
खाउँला-पिउँला
कहाँ पाउँला ?
चोरी ल्याउँला
धत् पापी ! म त छुट्टै बसुँला ।

दशैंको बेलामा गाउँघरका केटाकेटी यही गीत गाउँछन् ।

उनीहरू औंला भाँच्तै दशैं आउने दिन गन्छन् । बूढी औंला अरू चार औंलाबाट छुट्टै बस्छु भन्छ रे । किन थाहा छ ? चोर औंलाले चोरी ल्याउने कुरा गरेछ । यो कुरा बूढी औंलालाई मन परेन । चोर्नु नराम्रो कुरा हो । यसैले ऊ अरू औंलाबाट छुट्टै बस्यो ।

दशैं वर्षमा एक चोटि आउँछ । यस चाडमा मानिसहरू नवदुर्गाको पूजा गर्छन् । उनको प्रार्थना गर्छन् । देवदेवीका मन्दिरहरूमा जान्छन् ।

दशैंमा परिवारका सबै एकै ठाउँमा जम्मा हुन्छन् । परदेश गएका मानिस पनि घर आउँछन् । सबैको भेटघाट हुन्छ । आफू-आफूमा दया-माया बढ्छ । सबैजना मिलेर रमाइलो गर्छन् । उनीहरू मीठा-मीठा खानेकुरा खान्छन् । नयाँ लुगा लगाउँछन् । केटाकेटीहरू पिङ खेल्न खूब रमाउँछन् । फूलपाती को दिन काठमाडौंको टुँडिखेलमा लहरे

बढाइँ हुन्छ । घर-घरमा फूलपाती भिऱ्याउँछन् । दशैंको बेलामा विद्यालय पनि बिदा हुन्छ ।

दशैंको टीका थाप्न मानिसहरू आफूले मान्नु-पर्ने मानिसका घरमा जान्छन् । उनीहरू आफू-भन्दा ठूलाबाट टीका र जमरा लगाइ माग्छन् । आशिष लिन्छन् । हाम्रा राजा-रानीकहाँ पनि मानिसहरू टीका थाप्न जान्छन् ।

दशैं हाम्रो ठूलो चाड हो । त्यस्तै तिहार पनि रमाइलो चाड हो । साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, चैत दशैं हाम्रा अरू चाड हुन् ।

## अभ्यास

### १. पढ र रामा अक्षरमा लेख

खाउँला, जाउँला, लाउँला, छुट्टै,स्वाट्टै, फुत्तै, काठमाडौं, प्रार्थना, सङ्क्रान्ति ।

### २. पढ र बुझ

(क) परदेश, टुँडिखेल, लहरे बढाइँ, जमरा, आशिष, चाड ।

(ख) एक वर्षमा बाह्र महीना हुन्छन् । वैशाख पहिलो महीना हो । दशैं असोज-कार्तिकमा पर्दछ ।

### ३. मुखैले जवाफ देऊ

(क) तिमी घरमा कुन-कुन चाड मनाउँछौ ?

(ख) तिमी घरमा दशैं कसरी मनाउँछौ ?

(ग) के दशैं आएको तिमीलाई मन पर्छ ? किन ?

(घ) यस पाठमा चोर औंलाले के भन्छ ?

(ङ) बूढी औंला किन छुट्टै बसेको छ ?

(च) तिमी दशैंमा टीका र जमरा थाप्न कहाँ जान्छौ ?

### ४. खाली ठाउँमा पाठ अनुसार मिल्ने शब्दहरू लेख

दशैं आयो ।

खाउँला . . . . . ।

. . . . . पाउँला ।

. . . . . ल्याउँला ।

धत् . . . . . । त छुट्टै बसुँला ।

# पुण्डरीक

धेरैधेरै पहिलेको कुरा हो । एक जना बालक थिए । उनको नाम पुण्डरीक थियो । उनका बाआमा बूढा भइसकेका थिए । उनीहरू हिंड्न-डुल्न सक्दैनथे ।

पुण्डरीक बाआमाको खूब सेवा गर्थे । उनी बिहान उठ्नासाथ बाआमालाई ढोग्थे । उनी

बाआमालाई नुहाउने पानी ठीक पार्थे । पूजाका लागि सामान पनि मिलाउँथे । उनी आफैं खानेकुरा पकाएर बाआमालाई खुवाउँथे । उनी बाआमालाई डोऱ्याएर यताउति घुमाउँथे । उनी बाआमाको सेवा गर्दा धेरै रमाउँथे ।

एक दिनको कुरा हो । भगवान् विष्णु लक्ष्मीलाई साथै लिई पुण्डरीककहाँ आए । त्यसबेला पुण्डरीक बाआमालाई खुवाउँदै थिए । विष्णुले बाहिरबाटै भने – पुण्डरीक ! तिमीले बाआमाको सेवा गरेको देखेर म धेरै खुशी भएँ । तिमी बाहिर आऊ । म तिमी-लाई दर्शन दिन आएको छु ।

पुण्डरीकले भित्रैबाट भने – भगवान् ! म अहिले बाआमालाई खुवाउन लागेको छु । त्यसैले म अहिले बाहिर आउन सकिन । बरु हजुरको दर्शन भित्रै पाउँ ।

पुण्डरीकको कुटी झलमल्ल भयो । उज्यालाले पुण्डरीकका आँखा तिर्मिराए । एक छिन पछि उनले आँखा खोले । त्यहाँ बाआमालाई देखेनन् । बाको ठाउँमा भगवान् विष्णु थिए । आमाका ठाउँमा लक्ष्मी थिइन् । पुण्डरीक खुशी भए । हात जोडेर उनी विष्णु र लक्ष्मीका पाउ परे ।

तर उठेपछि उनले विष्णु र लक्ष्मीलाई देखेनन्। उनका अगाडि उनका बाआमा मात्र थिए। पुण्डरीकले विचार गरे– बाआमा भनेका साँच्चिकै देवता पो रहेछन्।

यसै बखत कहींबाट आवाज आयो – "पुण्डरीक! तिमी धेरै ज्ञानी रहेछौ। तिमीजस्तो असल बालकले नै मेरो दर्शन पाउँछ। तिमी सधैं बाआमाको सेवा गर। तिम्रो नाम संसारमा फैलिनेछ।"

अभ्यास

१. पढ र रामा अक्षरमा लेख

पुण्डरीक, हम्कनु, गर्मी, विष्णु, लक्ष्मी, दर्शन, पाल्नुहोस्, तिर्मिराउनु।

२. पढ र बुझ

(क) देवता, खुशी, सेवा, दर्शन, झलमल्ल, विचार।

(ख) विष्णु, लक्ष्मी, शिव, पार्वती, राधा, कृष्ण सबै देवदेवी हुन्।

## ३. मुखैले जवाफ देऊ

(क) पुण्डरीकका बाआमा कस्ता थिए ?

(ख) पुण्डरीक बिहान उठ्नासाथ के-के गर्थे ?

(ग) पुण्डरीकलाई किन ज्ञानी रहेछौ भनेको ?

(घ) बाआमाका ठाउँमा को-को थिए ?

(ङ) छोराछोरीले बाआमालाई के गर्नुपर्छ ?

## ४. तलका शब्दहरूलाई जोडा मिलाऊ

| | |
|---|---|
| १. बा | छोरा |
| २. लक्ष्मी | आमा |
| ३. उज्यालो | विष्णु |
| ४. आँखा | तिमिराए |
| ५. पुण्डरीक | झलमल्ल |

# साथी-साथीको प्रेम

एक जना गरीब मानिस थिए । उनको नाम सुदामा थियो । उनलाई बिहान-बेलुका छाक टार्न पनि गान्हो पर्थ्यो । लगाउने रामो लुगा पनि थिएन । जति काम गरे पनि उनलाई खान लगा-उन दुःखै थियो ।

एकदिन सुदामाकी श्रीमतीले भनिन् – भगवान् कृष्ण तपाईंका बालककालका साथी हुन्

क्यारे। उनी ठूलो दरबारमा बस्छन्। उनका थुप्रै नोकर-चाकरहरू छन् । उनलाई सबै कुराले पुगेको छ । तपाईं उनीकहाँ जानोस् र मद्दत माग्नोस् । उनले तपाईंलाई पक्कै मद्दत गर्नेछन् ।

सुदामाले भने– हो, उनी मेरा बालककालका साथी हुन् । भेट नभएको पनि धेरै वर्ष भयो । त्यसमाथि उनी ठूला मानिस भए । म यति गरीब छु। उनले मलाई चिन्न पनि गाह्रो पर्ला।

सुदामाकी श्रीमतीले उनको कुरा पत्याइनन्। उनले सुदामालाई कृष्णकहाँ जान कर गरिन्।

सुदामालाई कृष्णकहाँ त्यसै जान मन लागेन। केही लिएर जान मन लाग्यो तर कृष्ण-कहाँ लैजाने त्यस्तो कुरा घरमा थिएन। उनी के लैजाउँ भनी विचार गर्दै थिए । उनकी श्रीमतीले चामलको अलिकति कनिका खोजेर ल्याइन् । त्यो कनिकालाई एउटा झुत्रो टालोमा बाँधिदिइन् ।

सुदामा कृष्णको दरबारमा पुगे । उनका लुगा झुत्रा थिए । उनी एउटा माग्ने जस्तै देखिन्थे । उनले अनकनाउँदै दरबारका मानिसलाई भने । म कृष्णको साथी हुँ । कृष्णकहाँ खबर पुऱ्याइ-दिनुहोस् ।

कृष्णले सुदामा आएको खबर पाए । उनी हत्तपत्त सुदामा भएको ठाउँमा आइपुगे । आफ्नो पुरानो साथीलाई देखेर ज्यादै खुशी भए । उनलाई अँगालो हालेर बैठक कोठामा लगे । आफू बस्ने आसनमा उनलाई बसाले । मीठा-मीठा खानेकुरा खुवाए ।

कृष्णले सुदामालाई ठूलो मान गरे। सुदामा खुशी भए । उनले कृष्णलाई आफूले ल्याएको कुरा दिएका थिएनन्। उनलाई चामलको कनिका देखाउन लाज लाग्यो। उनले त्यो कनिका लुकाइ-राखे ।

कृष्ण त भगवान् थिए। उनले थाहा नपाउने कुरा केही थिएन । उनले सुदामाको त्यो चाल थाहा पाइहाले।

कृष्णले भने– प्यारा साथी सुदामा ! तपाईं-ले ल्याएको कोसेली मलाई दिनुहोस् । मलाई असाध्यै भोक लागेको छ ।

सुदामाले कनिका नदिई सुख्खै पाएनन्। उनले अप्ठ्यारो मानीमानी कनिकाको पोको कृष्णका हातमा राखिदिए। कृष्णले त्यो पोको खोले। पोकाको कनिका खुशीसाथ मीठो मानीमानी खाए। यो देखेर सुदामालाई अचम्म लाग्यो।

भेटघाट सकिए पछि बिदा हुने बेला आयो। कृष्णले सुदामालाई घरसम्म पुऱ्याए। सुदामा घर फर्के। उनलाई त्यस दिनदेखि कुनै दुःख भएन। यसरी कृष्णले साथीमाथि ठूलो प्रेम देखाए।

अभ्यास

१. पढ र रामा अक्षरमा लेख

गाह्रो, रामो, थुप्रै, झुत्रो, पक्कै, सुख्खै, आफ्नो, सपक्क, प्रेम, शर्म, कृष्ण, असाध्यै।

२. पढ र बुझ

(क) छाक, गाह्रो, झुत्रो, अँगालो, दरबार।

(ख) हामी घमण्डी नबनौं। साथीभाइसँग रामो व्यवहार गरौं। उनीहरूलाई सकेको मद्दत गरौं।

३. मुखैले जवाफ देऊ

(क) सुदामा कस्ता मान्छे थिए?

(ख) सुदामा को थिए?

(ग) सुदामा कृष्णकहाँ के कोसेली लिएर गए?

(घ) कृष्णले सुदामालाई कहाँ बसाए?

## ४. ठीक बेठीक छुट्याऊ

(क) सुदामा धनी थिए ।

(ख) कृष्णको साथीको नाम सुदामा थियो ।

(ग) कृष्णलाई खानलाउनको चिन्ता थिएन ।

(घ) कृष्ण सुदामालाई भेट्न गए ।

(ङ) कृष्णले कोसेली मिल्काए ।

(च) कृष्णले साथीभाइको प्रेम देखाएनन् ।

## ५. पाठबाट शब्दहरू टिप

(क) अगाडि "मा" अक्षर भएका, जस्तै – मानिस ।

(ख) पछाडि "ए" अक्षर भएका, जस्तै – थिए।

# रामो बानी

बाबालाई आमालाई
हामी जीउ गछौं
गुरुआमा, गुरुलाई
नमस्कार गछौं ।

देउता र धर्तीलाई
हामी पुज्छौं, ढोग्छौं
किताबलाई ढोगी फेरि
आफ्नो पाठ घोक्छौं ।

सानालाई माया गर्छौं
ठूलालाई मान
सबैसित मिलीजुली
गर्छौं राम्रो काम ।

आफ्नो झोला, सामानको
हेरचाह गर्छौं
आफ्नो काम जे छ आफैं
हामी पूरा गर्छौं ।

राम्रो बानी सिक्छौं हामी
सफा, सुग्घर हुन्छौं
केटाकेटी बेलैदेखि
हामी असल बन्छौं ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा लेख

गर्छौं, सक्छौं, नमस्कार, पुरस्कार, पुज्छौं, ढोग्छौं, राम्रो, तिम्रो, हाम्रो, आफैं ।

२. पढ र बुझ

(क) बा, बाबा, पिता, बुबा (ख) जीउ, नमस्कार, ढोग (ग) धर्ती, पृथ्वी (घ) पुस्तक, किताब (ङ) सफा, सुग्घर (च) केटाकेटी, बाल-बालिका।

३. मुखैले उत्तर देऊ

(क) तिमी कस-कसलाई जीउ गर्छौं ?
(ख) तिमी कस-कसलाई नमस्कार गर्छौं ?
(ग) तिमी सानो भाइलाई माया गर्छौं कि गर्दैनौ ?
(घ) तिमीहरू आफ्नो झोलाको हेरचाह गर्छौं कि गर्दैनौ ?
(ङ) किताब च्यात्नु राम्रो बानी हो कि नराम्रो बानी हो ?

३. खाली ठाउँमा मिल्ने शब्द छानी लेख

(क) हामी पूजा . . . . . । (गर्छु, गर्छौं )
(ख) हामी सबैसित . . . . . । (मिल्छु, मिल्छौं)
(ग) मेरो बा घरमा . . . . . । (हुनुहुन्छ, छे)
(घ) मेरी बहिनी . . . . . । (खेल्नुहुन्छ, खेल्छिन्)

५. उस्तै खालका अरू दुई-दुई शब्द लेख

(क) मान्छौं, जान्छौं . . . . . .
(ख) झोला, तोला . . . . . .
(ग) जसरी, यसरी . . . . . .

# कामको महत्त्व

हामीलाई खानको लागि अन्न चाहिन्छ। लगाउनको लागि लुगा चाहिन्छ। बस्नको लागि घर चाहिन्छ। हामीलाई यी तीन कुरा नभई हुन्न। घरमा सबैकुराको लागि काम गर्नुपर्छ। खेतमा काम गरेर अन्न उमारिन्छ। लुगाको लागि कपडा बुन्नुपर्छ। बस्नको लागि घर बनाउनुपर्छ।

हामीलाई अरू पनि धेरै कुराहरू चाहिन्छन्। पढ्नलाई किताब, कापी र कलम चाहिन्छ। खेती गर्न कुटो, कोदाली र हलो चाहिन्छ। भारी बोक्नका लागि डोकोडालो चाहिन्छ। हामीलाई चाहिने कुरा जुटाउन काम गर्नुपर्छ।

सबै काम एकै जनाले मात्र गर्न सक्तैन । थरीथरीका मानिसले थरीथरीका काम गर्छन् । कोही अन्न उब्जाउँछन् । कोही लुगा बुन्ने काम गर्छन् । कोही घर बनाउने काम गर्छन् । कोही लुगा सिउँछन् । कोही फलाम चुट्छन् । कोही जुत्ता सिउँछन् । कोही डोको, नाम्लो बुन्छन् । कोही जागीर खान्छन् । कोही भारी बोक्ने काम गर्छन् । सबैले आफू-आफूले जानेका काम गर्छन् । एउटाको कामबाट अर्कालाई मद्दत पुग्छ । एउटाले जानेको कामबाट अर्कोलाई फाइदा हुन्छ ।

हामी पढ्छौं। गुरु र गुरुआमा हामीलाई पढाउनुहुन्छ। हाम्रा बाआमा खेती गर्नुहुन्छ। उहाँहरू अन्न बजारमा बेच्नुहुन्छ। त्यो पैसाले हामीलाई चाहिने सामान किनेर ल्याउनुहुन्छ।

श्यामका बा जागीरे हुनुहुन्छ। जागीरबाट तलब आउँछ। हरिका बा व्यापार गर्नुहुन्छ। व्यापारबाट नाफा हुन्छ। उहाँहरू पनि आफूलाई चाहिने चीजबीज अरूबाट किन्नुहुन्छ। रामका बा भारी बोक्नुहुन्छ। उहाँले पनि ज्याला पाउनुहुन्छ। कमलाकी आमा लुगा सिउनुहुन्छ। उहाँले पनि ज्याला पाउनुहुन्छ। कहिलेकाहीं हामी

सामानको साटासाट पनि गर्छौं । यसरी हामी आफ्नो काम चलाउँछौं । सबैको कामको आ–आफ्नो महत्त्व हुन्छ ।

## अभ्यास

१. पढ र रामा अक्षरमा लेख

अन्न, बस्न, हुन्न, जुत्ता, मद्दत, आफ्नो, उमारिन्छ ।

२. पढ र बुझ

(क) हलो, जागीर, तलब, ज्याला, सामान ।

(ख) भारी बोक्ने भरिया । खेती गर्ने किसान । लुगा सिउने सूचिकार । जागीर खाने जागीरदार । घर बनाउने सिकर्मी । व्यापार गर्ने व्यापारी ।

३. मुखैले जवाफ देऊ

(क) हामीलाई कुन तीन कुरा नभई हुन्न ?

(ख) हामीले किन काम गर्नुपर्छ ?

(ग) मानिसहरू के-के काम गर्छन् ?

(घ) तिम्रा बाआमा के काम गर्नुहुन्छ ?

४. कसले के काम गर्छ बुझेर भन

(क) भारी बोक्ने भरिया ।

(ख) खेती गर्ने किसान

(ग) लुगा सिउने सूचिकार ।

(घ) जागीर खाने जागीरदार ।

(ङ) गाह्रो लगाउने डकर्मी ।

(च) झ्याल-ढोका मेच-टेबुल बनाउने सिकर्मी ।

(छ) सामान किनबेच गरी नाफा कमाउने व्यापारी ।

## ५. तलको चित्र हेरेर कसले के काम गरेको छ भन

# हाम्रा छरछिमेकी

कोही गाउँमा बस्छन् । कोही सहरमा बस्छन् । हामी जहाँ बसे पनि हाम्रा घर नजिक अरूका घर हुन्छन् । छिमेकीहरू उही बाटो हिंड्छन् । गाउँ-घरमा छिमेकीहरू एउटै धारा-पँधेराको पानी खान्छन् ।

हाम्रो घर वरिपरि बस्ने मानिस हाम्रा छिमेकी हुन् । तिमी रामका छिमेकी हौ । राम तिम्रा छिमेकी हुन् । हरि तिम्रा छिमेकी हुन् । तिमी हरिका छिमेकी हौ । त्यसै गरी सीता र रजनी पनि तिमीहरूका छिमेकी हुन् । तिमी उनीहरूका छिमेकी हौ ।

हाम्रा छिमेकीहरूमा कसैका घरहरू अलि नजिक हुन्छन् । कसैका घर अलि टाढा हुन्छन् ।

छिमेकीबाट धेरै कुराको मद्दत हुन्छ । केही कुराको खाँचो पर्दा एकले अर्कालाई सापटी दिन्छन् । एउटाको घरमा भएको सामान अर्कोसँग साटासाट गर्छन् । परेको बेलामा एकले अर्कालाई सघाउँछन् । बिरामी पर्दा छिमेकीले हेरचाह गर्छन् । चाडपर्वमा सबै जना मिली भोजभतेर खान्छन् । छिमेकी मिली कहिलेकाहीं नाचगान रमाइलो पनि गर्छन् । छिमेकीहरू सुखदुःखका साथी हुन् । छिमेकीहरू सबै बेला चाहिन्छ । यसैले छिमेकीहरू मिलेर बस्नुपर्छ ।

अभ्यास

१. पढ र रामा अक्षरमा लेख

गाउँ, नाउँ, सघाउँछन्, हिँड्छन्, चाडपर्व, बस्नुपर्छ, हुन्छन्, खाँचो ।

## २. पढ र बुझ

(क) भोजभतेर, चाडपर्व, सापटी, नाचगान, पँधेरो, छिमेकी ।

(ख) छिमेकमा बस्ने छिमेकी । गाउँमा बस्ने गाउँले । सहरमा बस्ने सहरिया ।

## ३. मुखैले जवाफ देऊ

(क) छिमेकीहरू कहाँको पानी खान्छन् ?

(ख) छिमेकीबाट कुन-कुन कुरामा मद्दत हुन्छ ?

(ग) हाम्रा घर वरिपरि बस्ने मानिस हाम्रा को हुन् ?

(घ) तिम्रा छिमेकी को-को हुन् ?

## ४. शुद्ध वाक्य बनाऊ

| | | | |
|---|---|---|---|
| १. | खायो | भात | रामले |
| २. | घर | दाइ | जानुहुन्छ |
| ३. | पात | झरयो | रूखबाट |

## ५. तलको चित्र हेरी त्यहाँ के–के छ लेख

# हाम्रो विद्यालय

यो हाम्रो विद्यालय हो । हामी सधैं विद्यालय जान्छौं । तिमीहरू पनि आफ्नो-आफ्नो विद्यालय जान्छौ, होइन ?

विद्यालयमा धेरै विद्यार्थीहरू पढ्छन् । ती विद्यार्थीहरू बेग्लाबेग्लै ठाउँबाट पढ्न आउँछन् । तिनीहरू सबैसँग हामीले मिलिजुली पढ्नुपर्छ । मिलीजुली खेल्नुपर्छ । गुरुहरूले भनेको मान्नुपर्छ । गुरुहरूले भनेको कुरा ध्यान दिएर सुन्नुपर्छ ।

विद्यालय पनि एउटा ठूलो परिवार हो । त्यहाँ हामी रामा-रामा कुराहरू सिक्छौं । कुनै-कुनै कुरा गुरुहरूबाट सिक्छौं । कुनै कुरा साथी-भाइहरूबाट सिक्छौं । हामीहरू पढ्ने बेलामा

पढ्छौं । खेल्ने बेलामा खेल्छौं । विद्यालयमा पढाइ हुनुभन्दा अगाडि राष्ट्रिय गान गाउँछौं । राष्ट्रिय गीत पनि गाउँछौं ।

हामी विद्यालयमा कक्षाकोठा सफा-सुग्घर राख्छौं । विद्यालयमा भएका सामानहरूको हिफाजत गछौं । पुस्तक, कापी, कलमलाई जतन गरी राख्छौं । विद्यालय वरिपरि पनि सफासुग्घर राख्छौं । बारी, बगैंचाका झारहरू उखेल्छौं । बोटबिरुवामा पानी हाल्छौं । बोटबिरुवालाई गोडमेल गछौं ।

अभ्यास

१. पढ र रामा्रा अक्षरमा लेख

खेल्छौं, सिक्छौं, विद्यालय, विद्यार्थी, सुन्नु, भन्नु, पढ्नु ।

२. पढ र बुझ

(क) मिलिजुली, जतन, झार, गोडमेल ।

(ख) हामीले सबै काम ठीकठीक समयमा गर्नुपर्छ । पढ्ने बेलामा पढ्नुपर्छ । खेल्ने बेलामा खेल्नुपर्छ । बिहान सबेरै उठ्नुपर्छ । ईश्वरको प्रार्थना गर्नुपर्छ ।

३. मुखैले जवाफ देऊ

(क) तिम्रो विद्यालयको नाम के हो ?

(ख) विद्यार्थीहरूले राष्ट्रिय गान कुन बेला गाउँछन् ?

(ग) विद्यालयमा के-के कुरा सिकिन्छ ?

(घ) विद्यालयमा को-को पढ्न आउँछन् ?

(ङ) विद्यालयमा हामी कस-कसबाट राम्रा कुरा सिक्छौं ?

(च) विद्यालय वरिपरि सफासुग्घर राख्न के गर्नुपर्छ ?

४. खाली ठाउँमा सुहाउँदो शब्द लेख

(क) विद्यालय पनि एउटा . . . . . हो । (पसल, परिवार, बगैंचा)

(ख) बगैंचाका . . . . . उखेल्नुपर्छ । (बिरुवा, झार, रूख)

(ग) विद्यालयका सामानहरूको . . . . . गर्छौं । (हिफाजत, नाश)

(घ) पढ्न शुरू गर्नुभन्दा . . . . . राष्ट्रिय गान गाउँछन् । (अगाडि, पछाडि)

(ङ) ठूलोले भनेको मान्नु . . . . . । (पर्छ, पर्छन्)

५. पुस्तकको चित्र बनाऊ

# नेपालका राजारानी

नेपालका राजा, नेपालकी रानी
हामी सबै नेपालीका आँखाका नानी
कति राम्रो नेपालको आफ्नै घामपानी
गाऊँ घर आँगनमा पुग्ने राजारानी ।
नेपालका राजा, नेपालकी रानी
हामी सबै नेपालीका आँखाका नानी
अगि लागे हाम्रा राजा, अगि लागिन् रानी
हामीलाई माया गर्ने हाम्रै राजारानी ।
नेपालका राजा, नेपालकी रानी
हामी सबै नेपालीका आँखाका नानी ।।

## अभ्यास

### १. पढ र राम्रा अक्षरमा लेख

आँखा, गाउँ, लागिन्, देखिन्, प्यारो, राम्रो ।

### २. पढ र बुझ

(क) आँखाको नानी, घामपानी, नेपाली, आँगन ।

(ख) हाम्रा राजाको नाम श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव हो । हाम्री रानीको नाम श्री ५ ऐश्वर्य राज्यलक्ष्मी देवी शाह हो । हाम्रा युवराजाधिराजको नाम श्री ५ दीपेन्द्र वीर विक्रम शाहदेव हो ।

### ३. मुखैले जवाफ देऊ

(क) हाम्रो देशको नाम के हो ?

(ख) हाम्रा राजाको नाम के हो ?

(ग) हाम्री रानीको नाम के हो ?

(घ) के तिमी नेपाली हौ ?

### ४. खाली ठाउँमा ठीक शब्द भर

| | | |
|---|---|---|
| राजा र रानी | = | राजारानी |
| घाम र पानी | = | घामपानी |
| बा र आमा | = | ..... |
| शिव र गौरी | = | ..... |
| दिदी र बहिनी | = | ..... |
| बाजे र बज्यै | = | ..... |
| दाजु र भाइ | = | ..... |
| दाल र भात | = | ..... |

५. "नेपालका राजारानी" कविता कण्ठ सुनाऊ ।

६. कक्षाका साथीहरू मिली "नेपालका राजारानी" कविता भाका हाली गाओ ।

७. तल केही चित्रहरू दिइएका छन् । ती चित्रहरू चिन र तिनीहरूबारे आफूलाई थाहा भएका कुरा सुनाऊ ।














अभ्यास पुस्तिका
अभ्यास पुस्तिका


गणित













**शिक्षकलाई सल्लाह**

यस पाठमा चित्रहरू मात्र दिइएका छन्, चित्रहरू देखाई विद्यार्थीलाई तो वस्तुबारे विवरण दिनुपर्दछ ।

## कक्षागत रूपमा कक्षा १ का विद्यार्थीले गाउने
## राष्ट्रिय गीत

हामी धेरै साना छौं, हाम्रो मुटु सानो छ
यो सानो मुटुमा विशाल देश छ
यो देशलाई उठाउने हाम्रो सानो हात छ ।
यो सानो हातको पौरख ठूलो छ
हामी धेरै साना छौं, हाम्रो मुटु सानो छ

हाम्रो टाउको सानो छ, यो सानो टाउकोमा देश घुमिरहन्छ, देश घुमिरहन्छ
यो सानो टाउकोमा हाम्रो टाउको सानो छ
यो सानो टाउकोमा देश घुमिरहन्छ, देश घुमिरहन्छ
हाम्रो खुट्टा सानो छ
यो सानो खुट्टाले देश बोकी हिंड्छ, देश बोकी हिंड्छ
यो सानो खुट्टाले हाम्रो खुट्टा सानो छ
यो सानो खुट्टाले देश बोकी हिंड्छ, देश बोकी हिंड्छ
हामी धेरै साना छौं, हाम्रो मुटु सानो छ

हाम्रो आँखा सानो छ
यो सानो आँखामा सुन्दर देश छ, सुन्दर देश छ
यो सानो आँखामा हाम्रो आँखा सानो छ
हाम्रो बोली सानो छ यो सानो बोलीमा देशको गीत छ, देशको गीत छ
यो सानो बोलीमा हाम्रो बोली सानो छ
यो सानो बोलीमा देशको गीत छ, देशको गीत छ
हामी धेरै साना छौं, हाम्रो मुटु सानो छ ।

महेन्द्र माला कक्षा १